
# महालेखापरीक्षकको
# पाँचौं वार्षिक प्रतिवेदन
# २०७९

## शिवालय गाउँपालिका

### जाजरकोट





महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# महालेखापरीक्षकको
# पाँचौं वार्षिक प्रतिवेदन
# २०७९

## शिवालय गाउँपालिका

### जाजरकोट




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको
# पाँचौं वार्षिक प्रतिवेदन
# २०७९

## शिवालय गाउँपालिका

### जाजरकोट

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन पार्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ चैत्र **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

प्रदेश लेखापरीक्षण निर्देशनालय
(कर्णाली प्रदेश)

पत्र संख्या: २०७९।८०
च.नं. ७३

मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
शिवालय गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,
जाजरकोट ।

**कैफियत सहितको राय**

हामीले शिवालय गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू.७ करोड २९ लाख २७ हजार बेरुजू देखिएको छ। सोमध्ये त्यँहाबाट कुनै पनि प्रतिक्रिया उपलब्ध नभई बाँकी बेरुजू असुल गर्नुपर्ने रू.१४ लाख ३ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.४ करोड ७३ लाख ४५ हजार, नियमित गर्नुपर्ने रु.१ करोड ९४ लाख ३६ हजार र पेश्की रू. ४७ लाख ४३ हजार रहेको छ । पालिकाको गतवर्ष सम्म रु.९ करोड ३१ लाख १६ हजार बेरुजू बाँकी रहेकोमा यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु.१६ करोड ६० लाख ४३ हजार रहेको छ । गाउँपालिकाको **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थिति यसैसाथ संलग्न छ ।**
३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ । कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं । त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ ।

(.........................)

नायब महालेखापरीक्षक

शिवालय गाउँपालिका, जाजरकोट

## १. चालु वर्षको बेरुजु २०७८।७९

## १.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ५४ | ११२ | ७२९२७ | ० | ० | ० | ५४ | ११२ | ७२९२७ | १४०३ | १९४३६ | ४७३४५ | ० | ० | ६६७८१ | ४७४३ |

## २. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फस्यौंट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| शिवालय गाउँपालिका जाजरकोट | ९३११६ | ० | ० | ९३११६ | ० | ७२९२७ | १६६०४३ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : सिवालय गाउँपालिका, जाजरकोट , शिवालय गाउँपालिका , जाजरकोट

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | दल बहादुर वाँठा | २०७९-५-१ | हाल सम्म कार्यरत |
| कार्यालय प्रमुख | नर वहादुर वि क | २०७८-२-२ | २०७८-९-२० |
| कार्यालय प्रमुख | सुदिप सिंह सुनार | २०७८-९-२१ | २०७८-१२-८ |
| लेखा प्रमुख | विस बहादुर बुढा | २०७६-११-१६ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | ७२,९२७,२८८.४ |

स्थानीय तह :

| **गत बर्षको जिम्मेवारी** | | २,२६,४३,८९२ | |
|---|---|---|---|
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३०,०८,४४,००० | **चालु खर्च** | २८,९४,८५,७७७ |
| **प्रदेश सरकारबाट अनुदान** | ४,२०,१२,०५८ | **पूँजीगत खर्च** | ८,३७,४५,८३३ |
| **राजश्व बाँडफाँट** | ५,८०,०२,४९९ | **वित्तीय/अन्य व्यवस्था** | १३,४१,७५,८८४ |
| **आन्तरिक आय** | १७,४०,३२८ | | |
| **अन्य आय** | ११,३६,५३,५७९ | | |
| **कुल आय** | ५१,६२,५२,४६४ | **कुल खर्च** | ५०,७४,०७,४९४ |
| **बाँकी मौज्दात** | | ३,१४,८८,८६२ | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१</td><td></td><td></td><td>परिचय<br>स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी पालिकामा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस शिवालय गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु शिवालय गाउँपालिकाको उद्देश्य रहेको छ । यस शिवालय गाउँपालिका अन्तर्गत ९ वडा, ४७ सभा सदस्य, १३४.२६वर्ग किलोमिटर क्षेत्रफल तथा १६ हजार ६३२ जनसंख्या रहेको छ ।<br>लेखापरिक्षणमा पेश भएको श्रेस्ता तथा आर्थिक कारोबारहरुको जोखिम विश्लेषण, लेखापरिक्षण नीति, मापदण्ड, व्यवस्थापन प्रतिनिधित्व पत्र, लेखापरिक्षण मार्गदर्शन, व्यवसायिक लेखापरिक्षणका असल अभ्यासको आधारमा तयार गरीएको स्वीकृत लेखापरिक्षण योजना, कार्यक्रम र लेखापरिक्षणको विधि अनुसार लेखापरिक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षणको निष्कर्ष सहित प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोबार र वित्तिय विवरणको शुद्धताको जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ । उक्त आधारमा लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराहरु उपर मिति २०७९।०८।२७ मा व्यवस्थापनसँग छलफल गरी कायम भएका व्यहोराहरु निम्न अनुसार छन् :</td><td></td></tr>
<tr><td>२</td><td></td><td></td><td>स्थानीय संचित कोष<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस पालिकाले वित्तिय हस्तान्तरणबाट प्राप्त अनुदान तथा सहयता, आन्तरिक आम्दानी र स्थानीय सरकारबाट सञ्चालन भएको आयोजनाहरु समेतको आयव्यय हिसाबको आर्थिक वर्ष २०७८।७९ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छ।
<table>
<tr><th>सि.नं</th><th colspan="3">आयतर्फ</th><th>सि.नं</th><th colspan="4">व्ययतर्फ</th></tr>
<tr><th></th><th>विवरण</th><th>रकम</th><th>रकम</th><th></th><th>विवरण</th><th>रकम</th><th>रकम</th><th></th></tr>
<tr><td>१</td><td>गत वर्षको जिम्मेवारी</td><td></td><td>२२६४३८९१।५४</td><td>१</td><td>चालु खर्च</td><td>२८९४८५७७७</td><td>२८९४८५७७७</td><td></td></tr>
<tr><td></td><td>क) नगद</td><td></td><td></td><td>२</td><td>पूँजीगत खर्च</td><td>८३७४५८३२।८१</td><td>८३७४५८३२।८१</td><td></td></tr>
<tr><td></td><td>ख) बैंक</td><td>२२६४३८९१।५४</td><td></td><td>३</td><td>वित्तिय व्यवस्था भुक्तानी</td><td></td><td></td><td></td></tr>
<tr><td>२</td><td>राजस्व ( आन्तरिक आय)</td><td></td><td>५९७४२८२६।९९</td><td></td><td>क) ऋण भुक्तानी</td><td>0</td><td></td><td></td></tr>
<tr><td></td><td>क) आन्तरिक राजस्व</td><td>१७४०३२८।४०</td><td></td><td></td><td>ख) ब्याज भुक्तानी</td><td>0</td><td></td><td></td></tr>
<tr><td></td><td>ख) राजस्व बाँडफाँड संघ र प्रदेश</td><td>५८००२४९८।५९</td><td></td><td></td><td>ग) अन्य भुक्तानी</td><td>0</td><td></td><td></td></tr>
<tr><td></td><td>ग) अन्य आय</td><td>0</td><td></td><td>४</td><td>लगानी</td><td></td><td></td><td></td></tr>
</table></td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | | |
| | | | ३ | वित्तिय हस्तान्तरण संघ | | ३००८४४००० | | ऋण लगानी | 0 | | | |
| | | | | क) वित्तिय समानीकरण अनुदान | ७८७००००० | | | शेयर लगानी | 0 | | | |
| | | | | ख) सशर्त अनुदान | २२२१४४०००० | | | अन्य लगानी | 0 | | | |
| | | | | ग) समपूरक अनुदान | 0 | | ५ | धरौटी फिर्ता | ३८००० | ३८००० | | |
| | | | | घ) विशेष अनुदान | 0 | | ६ | जनश्रमदान फिर्ता | 0 | 0 | | |
| | | | ४ | प्रदेश सरकारबाट प्राप्त अनुदान | | ४२०१२०५८ | ७ | कोष फिर्ता | 0 | 0 | | |
| | | | | क) वित्तिय समानीकरण अनुदान | ७७२८००० | | ८ | मौज्दात | | २९९०८७५२।३२ | | |
| | | | | ख) सशर्त अनुदान पूजीगत | २३३२७१८७ | | | क) बैंक मौज्दात | २८४३२४५५।३२ | | | |
| | | | | ग) समपुरक अनुदान | २६४१९४६ | | | ख) नगद मौज्दात | | | | |
| | | | | घ) शशर्त अनुदान चालु | ५९२७६० | | | विविध खर्च खाता मौज्दात | १२०८८०५ | | | |
| | | | | ङ) विशेष अनुदान | ७७२२१६५ | | | स्थानीय विपत व्यवस्थापन खाता मौज्दात | २६७४९२ | | | |
| | | | | | | | ९ | | | | | |
| | | | ५ | अन्य शिर्षकको रकम | 0 | ८०९०६२४३।२६ | १० | आन्तरिक राजश्व | १७४०३२८।४० | १७४०३२८।४० | | |
| | | | | क सामाजिक सुरक्षा | ४८५९७६८२।२६ | | ११ | अन्तर पालिकाबाट प्राप्त | | | | |
| | | | | | | | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ख) एकिकृत स्वास्थ्य पुर्वाधार विकास कार्यक्रम | २१६३८५३० | | | क सामाजिक सुरक्षा | ४८५९७६८२।२६ | ४८५९७६८२।२६ | | |
| | | | | ग) मुख्यमन्त्री रोजगार कार्यक्रम | १०६७००३१ | | | ख) एकिकृत स्वास्थ्य पुर्वाधार विकास कार्यक्रम | २१६३८५३० | २१६३८५३० | | |
| | | | | | | | | ग) मुख्यमन्त्री रोजगार कार्यक्रम | १०६७००३१ | १०६७००३१ | | |
| | | | | ङ) ०७७।०७८ अनुदान फिर्ता बैक मौज्दात | २७९०१४०३ | २७९०१४०३ | | घ)०७७।०७८ अनुदान फिर्ता | २७९०१४०३ | २७९०१४०३ | | |
| | | | ६ | विविध | | ३२२७८२३ | | | | | | |
| | | | | क) विविध खर्च खाता | २९७५२८६ | | १२ | जनश्रमदान मौज्दात | 00 | 0 | | |
| | | | | ख) प्रकोप व्यवस्थपान कोष खाता | २५२५३७ | | १३ | धरौट मौज्दात | १४४०११० | १४४०११० | | |
| | | | | ग) पर्यटन बोर्ड नेपाल | | | १४ | कोष खाताको मौज्दात | १४०००० | १४०००० | | |
| | | | | घ) एन एन एस डब्लु ए | | | | शसर्त अनुदान संघ र प्रदेश फिर्ता ०७८।०७९ | २३५८९९०९ | २३५८९९०९ | | |
| | | | ७ | विभिन्न कोषतर्फको आय पेश्की फिर्ता | १४०००० | १४०००० | | | | | | |
| | | | ८ | जनसहभागिता (नगद) | 0 | | | | | | | |
| | | | ९ | विषयगत निकायबाट प्रास | 0 | | | | | | | |
| | | | १० | धरौटी आय | २९००९० | १४७८११० | | | | | | |
| | | | | गत आव को अल्य | ११८८०२० | | | | | | | |
| | | | ११ | लगानीको साँवा फिर्ता | 0 | | | | | | | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>१२</td><td>अन्य विविध आय</td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td>जम्मा</td><td>५३८८९६३५५।७९</td><td>५३८८९६३५५।७९</td><td></td><td>जम्मा</td><td>५३८८९६३५५।७९</td><td>५३८८९६३५५।७९</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३</td><td></td><td></td><td>जिम्मेवारी सारेकोः<br>पालिकाको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । पालिकाको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा रु.२३८३१९१२।०८ मौज्दात कायम भएकोमा यो बर्षको शुरुमा रु.२३८३१९१२।०८ जिम्मेवारी सारेको देखियो ।</td><td></td></tr>
<tr><td>४</td><td></td><td></td><td>आन्तरिक नियन्त्रण प्रणालीः<br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।<br><br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन ।<br><br>• पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची १४ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।<br><br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वियन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन।<br><br>• कार्यालयको श्रेष्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन ।<br><br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यमकालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br><br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले उक्त समितिहरु गठन गरेको पाईएन ।<br><br>• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितणमुखि रहेको पाईयो।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • वडा कार्यालयमा रहेका जिन्सी समानको अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन ।<br><br>• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।<br><br>• मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ (क) अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको ।<br><br>• कार्यालयले उद्वेश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।<br><br>• कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।<br><br>• सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ र ८ अनुसार खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।<br><br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।<br><br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br><br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन ।<br><br>• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br><br>• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br><br>• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br><br>• वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार नगरेको, | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको ३७ जनाको दरबन्दी रहेकोमा १७ दरबन्दी रिक्त रहेको पाईयो ।<br><br>• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वियन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।<br><br>• निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन ।<br><br>• निजामती सेवा ऐन २०४९ को दफा ७ (ख) २ वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी रु.३ करोड ४० लाख ४ हजार ७ सय ६२ तलब खर्च लेखेको पाईयो ।तलबी प्रतिवेदन पारित नहुँदा ग्रेडसमेत यकिन हुन सकेन ।<br><br>• संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फर्स्योट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख एकिन गरी अध्यावधिक नगरेकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वियन गर्नुपर्दछ ।<br><br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ५ | | | **बजेट पेश, पारित र अख्तियारी -**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा पालिकाले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र पालिकाका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकामा उपाध्यक्ष श्री कुमारी थापाले मिति २०७८।०३। १० गते रु.४९ करोड ७६ लाख ३५ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७८।०३।१०। मा पारित भएको छ । यसैगरी पालिकाका प्रमुखले २०७८।०३।२९ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६ | | | **बजेट सीमा निर्धारण समिति :**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ । | |
| ७ | | | **बजेट तथा कार्यक्रम तर्जुमा**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्य.क्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८ | | | **क्षेत्रगत बजेट र खर्चको स्थितिः**<br>पालिकाको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ । | |

| क्र.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| | | | | जम्मा खर्चको तुलनामा |
| १ | आर्थिक विकास | २३७६८ | २१६४१ | ४.४५ |
| २ | पूर्वाधार विकास | १०४९१६ | ९७१०० | २०.०० |
| ३ | सामाजिक विकास | २२७१८३ | १९१३७४ | ३९.४२ |
| ४ | बातावरण तथा विकास | ० | ० | ० |
| ५ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | १०९५१६ | १०५४१३ | २१.७१ |
| ६ | अन्य कार्यालय संचालन तथा प्रशासनिक | ७३५१२ | ६९८६७ | १४.३९ |
| **जम्मा** | | ५३८८९६ | ४८५३९७ | १०० |

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ३९.४२ प्रतिशत र आर्थिक विकासमा सबै भन्दा घटीमा ४.४५ प्रतिशत रहेको छ ।

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>९</td><td></td><td></td><td>

**त्रैमासिक पूँजीगत खर्चः**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम ३५ बमोजिम त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र नियम ३६ मा त्रैमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वियन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिकखर्चको स्थिति देहाय बमोजिम छ । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वियन गरिनुपर्दछ ।

<table>
<tr><th rowspan="2">क्र.स.स</th><th rowspan="2">बजेट उपशिर्षक</th><th rowspan="2">कुल खर्च</th><th colspan="4">चौमासिक खर्च</th></tr>
<tr><th>प्रथम चौमासिक</th><th>दोस्रो चौमासिक</th><th>तेश्रो चौमासिक</th><th>आषाढ महिना</th></tr>
<tr><td>१</td><td>पूँजिगत खर्चतर्फ</td><td>१०७९६०</td><td>२३७३५</td><td>३५७३८</td><td>४८४८५</td><td>१५८१५</td></tr>
<tr><td colspan="2">प्रतिशत</td><td>१००</td><td>२१.९८</td><td>३३.१०</td><td>४४।९२</td><td>१४.६५</td></tr>
</table>

पालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रु.१० करोड ७९ लाख ६० हजार निकासा भएकोमा प्रथम चौमासिकमा रु.२ करोड ३७ लाख ३५ हजार अर्थात २१.९८ प्रतिशत, दोश्रो चौमासिकमा रु.३ करोड ५७ लाख ३८ हजार,अर्थात ३३.१० प्रतिशत तेश्रो चौमासिकमा रु.४ करोड ८४ लाख ८५ हजार, अर्थात ४४.९२ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.१ करोड ५८ लाख १५ हजार, अर्थात १४.६५ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन ।

</td><td></td></tr>
<tr><td>१०</td><td></td><td></td><td>

**बार्षिक खरिद योजना/गुरुयोजना :**

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने, नियम ८ ले बार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने ब्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.१० करोड ७९ लाख ६० हजार पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>११</td><td></td><td></td><td>लक्ष्य प्रगति<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ मा भएको व्यवस्था बमोजिम कार्यालयले त्रैमासिक र बार्षिक प्रगती विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रिय स्तरका योजनाको नियमावली बमोजिमको ढाँचामा त्रैमासिक प्रगती विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा बार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ ।<br>
<table>
<tr><th>कार्यक्रम/योजना</th><th>कुल कार्यक्रम</th><th colspan="4">वार्षिक प्रगति स्थिती</th></tr>
<tr><th></th><th></th><th>शून्य प्रगती</th><th>२५%सम्म प्रगति</th><th>५०% सम्म प्रगति</th><th>७५% सम्म प्रगति</th></tr>
<tr><td>मुख्य कार्यक्रम संख्या</td><td>७</td><td>२</td><td>२</td><td>२</td><td>१</td></tr>
<tr><td>सहायक कार्यक्रम संख्या</td><td>२२१</td><td>०</td><td>०</td><td>०</td><td>२२१</td></tr>
</table></td><td></td></tr>
<tr><td>१२</td><td></td><td></td><td>प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम पालिकाको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा पालिकामा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ३७ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित १७ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय अधिकृत, इन्जीनियर, जनस्वास्थ्य अधिकृत सहित २० पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १३ | | | **कर्मचारी करार**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा पालिकाले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । कानून बमोजिम मात्र कर्मचारी पदपूर्ति गर्नुपर्दछ। तर पालिकाले विभिन्न पाचौं तह चौथो तहका तथा कार्यालय सहयोगी र सवारी चालक पदमा ४३ जना कर्मचारीहरु करारमा राखि रु. १३६३४४३९।०० खर्च लेखेको छ ।<br><br>त्यसैगरी सोही ऐनको दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । पालिकाले माथि उल्लेखित पद वाहेकको विभिन्न पाचौं तह (सहायक इन्जिनियर, प्रशासन सहायक र कम्प्यूटर), चौथो तह (असिस्टेन्ट इन्जिनियर, वडा सहजकर्ता लगायत) पदमा १४ जना करार नियुक्ति गरी बर्षभरीमा रु. ५७३१२३२।०० भुक्तानी गरेको छ । पालिकाले O&M गरी कामको विश्लेषण, आन्तरिक आय, सघंबाट भएको पूर्ति, स्थानीय निकायमा समायोजन, हाल करारमा रहेकाको स्थिति र दरबन्दीको विवरण तयार गरी अत्यावश्यक कर्मचारी मात्र पूर्ति गर्ने व्यवस्था मिलाउनुपर्नेमा सो बमोजिम नगरी करारमा कर्मचारी राखी तलब भुक्तानी गरेको अनियमित देखिएको रु | ५,७३१,२३२ |
| १४ | | | **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन :**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । पालिकाका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ । | |
| १५ | | | **वडा सचिवको पदपूर्ति :**<br>पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ । रिक्त पदहरुको पदपूर्ति गर्नुपर्दछ ।<br><br>**वडा संख्या** \| **वड सचिवको दरबन्दी** \| **वडा सचिवको पदपूर्ति** \| **रिक्त वडा सचिव**<br>९ \| ९ \| ३ \| ६ | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१६</td><td></td><td></td><td>सेवाप्रवाहको स्थिति<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार पालिकाले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वियनमा ल्याउन सक्ने ब्यवस्था छ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ :<br>
<table>
<tr><th>विवरण</th><th>जम्मा</th></tr>
<tr><td>स्वीकृत घरनक्सा दर्ता पास</td><td>०</td></tr>
<tr><td>पञ्जिकरणतर्फ</td><td></td></tr>
<tr><td>जन्मदर्ता</td><td>८५५</td></tr>
<tr><td>मृत्युदर्ता</td><td>७६</td></tr>
<tr><td>बसाईसराई दर्ता</td><td>१२१</td></tr>
<tr><td>विवाह दर्ता</td><td>२०४</td></tr>
<tr><td>सम्बन्धविच्छेद दर्ता</td><td>०</td></tr>
<tr><td>पूर्वाधार विकास सडक निर्माण</td><td></td></tr>
<tr><td>कालोपत्रे सडक निर्माण</td><td>०</td></tr>
<tr><td>कालोपत्रे सडक मर्मत</td><td>०</td></tr>
<tr><td>ग्राभेल सडक निर्माण</td><td>०</td></tr>
<tr><td>ग्राभेल सडक मर्मत</td><td>०</td></tr>
<tr><td>कच्ची सडक निमार्ण</td><td>८.६ कि.मि</td></tr>
<tr><td>कच्ची सडक स्तरउन्नती</td><td>७ कि.मि</td></tr>
</table>
स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोष जनक देखिएन ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १७ | | | **योजना छनौट र कार्यान्वियन :**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम पालिकाले योजना बनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रगतिका योजना छनौट गरि प्राथमिकीकरण गर्नुपर्ने व्यवस्था छ ।सभाबाट स्वीकृत बार्षिक गाउँ।नगर विकास योजना २०७८।७९ को अध्ययन गर्दा पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । पालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् ।<br><table><tr><th>रु १ लाख सम्म</th><th>रु १ लाख देखि ५ लाखसम्म</th><th>रु ५ लाखदेखि १० लाख सम्मका</th><th>रु १० लाख देखि माथिका</th><th>जम्मा</th></tr><tr><td>८४</td><td>८१</td><td>२४</td><td>३२</td><td>२२१</td></tr></table><br>उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष रु.५० हजार देखि ५० लाख सम्मका जम्मा २२१ वटा योजना संचालन गरेकोमा रु.१ लाख भन्दा मुनिका मात्र २२१ वटा योजनाहरु रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ । | |
| १८ | | | **कानून र सञ्चालन स्थिति**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार पालिकाहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वियनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार पालिका सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ८ वटा ऐन, ३ वटा नियमावली, १९ कार्यविधि लगायत ३३ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ । | |
| १९ | | | **न्यायीक समिति**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी ६ र यो बर्ष थप भएको २१ गरी कुल २७ विवाद दर्ता भएकोमा १३ वटा मात्र फर्स्यौट भई १४ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ । | |
| २० | | | **आर्थिक सहायता**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा पालिकाको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर पालिकाले यस वर्ष ४२ जनालाई रु.५ हजार देखि रु.१ लाख सम्म गरी रु.१५ लाख आर्थिक सहायता वितरण गरेका छन् । आर्थिक सहायता खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२१</td><td></td><td></td><td>महोत्सव तथा अन्य खर्च<br>स्थानीय सरकार संचालन ऐन, २०७४ ले संस्था, समूह, पर्व, जात्रा, यात्रा, विरामी, संस्कृति लगायतमा आर्थिक सहायता दिन सक्ने कानूनी व्यवस्था गरेको देखिदैन । तर गाउँपालिकाले यस वर्ष कुल १ लाख ५० हजार स्थानीय कला तथा धार्मिक, सामाजिक, साँस्कृतिक प्रकृतिका कार्यमा खर्च गरेको छ ।</td><td></td></tr>
<tr><td>२२</td><td></td><td></td><td>विविध खर्च<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष विविधतर्फ मात्र रु. ३१ लाख ७७ हजार खर्च गरेको छ ।पस प्रकारको खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ।</td><td></td></tr>
<tr><td>२३</td><td></td><td></td><td>आन्तरिक लेखापरीक्षण<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा पालिकाले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर शिवालय गाउँपालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>२४</td><td></td><td></td><td>आन्तरिक लेखापरीक्षण शाखा :<br>प्रत्येक पालिकाले आफ्नो आन्तरिक कारोवार, आन्तरिक जाच एवं आर्थिक कार्य प्रणाली प्रभावकारी र व्यवस्थित गराउन आन्तिरिक लेखापरीक्षण शाखा गठन गर्नुपर्ने व्यबस्था भएपनि आन्तरिक लेखापरीक्षण शाखा गठन भएको छैन । आन्तरिक लेखापरीक्षण शाखा गठनको अभावमा आर्थिक कारोवार अव्यवस्थित भई वित्तीय जोखिम वढ्ने संभावना रहन्छ । तसर्थ यस गाउँपालिकाले आन्तरिक लेखापरीक्षण शाखा गठन गरी आर्थिक कारोवारको यथार्थता एवं वित्तीय जोखिम न्यूनीकरण गर्ने तर्फ ध्यान दिनु पर्दछ ।</td><td></td></tr>
<tr><td>२५</td><td></td><td></td><td>ठेक्का व्यबस्थापनः<br>सार्वजनिक खरिद ऐन,२०६३ तथा नियमावली, २०६४ बमोजिम सार्वजनिक खरिद व्यबस्थापनका लागि सोझै खरिद, सिलवन्दी दरभाउपत्र तथा बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यबस्था छ । गाउँपालिकाबाट संचालित योजनाको निर्माण कार्य देहाय बमोजिम भएको देखिन्छः(रु.हजारमा)<br>
<table>
<tr><th rowspan="2">कुल निर्माण खर्च</th><th colspan="2">सोझै खरिद</th><th colspan="2">सिलबन्दी दरभाउपत्र</th><th colspan="2">बोलपत्र</th><th colspan="2">तेश्रो चौमासिकमा व्यवस्था भएको</th></tr>
<tr><th>संख्या</th><th>रकम</th><th>संख्या</th><th>रकम</th><th>संख्या</th><th>रकम</th><th>संख्या</th><th>रकम</th></tr>
<tr><td>७</td><td>०</td><td>०</td><td>०</td><td>०</td><td>७</td><td>९२७५६</td><td>०</td><td>०</td></tr>
</table></td><td></td></tr>
<tr><td>२६</td><td></td><td></td><td>पेश्की बाँकी</td><td>४,४८५,०००</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व सम्बन्धि नियमावली, २०७७ बमोजिम पेश्की फछ्र्यौट हुनुपर्दछ । यस वर्ष देहाय अनुसार म्याद ननाघेको मोविलाईजेशन पेश्की रु.१११३१३९६।०० र म्याद नाघेको अन्य पेश्की रु.४४८५०००।०० रहेको छ । म्याद नाघेको अन्य पेश्की फछ्र्यौट हुनु पर्ने रु. | |

| क्र स | पेश्की लिने व्यक्ति तथा फर्म | प्रयोजन | रकम | कैफियत |
|---|---|---|---|---|
| १ | अमर सिस्नेजे भी | शिवालयगाउँपालिकाको भवन निर्माण | ३३,०८, ३००.०० | म्याद ननाघेको |
| २ | अमर सिस्ने जे भी | पालिका भवन निर्माण समपुरक कोष | ३३,००, ०००.०० | म्याद ननाघेको |
| ४ | कोष तथालेखा नियन्त्रण कार्यालय सुर्खेत | पालिका भवननिर्माण समपुरक कोष | २०,००, ०००.०० | म्याद ननाघेको |
| ५ | श्री हिमालयदेवी आधारभूत विद्यालय डुङ्ग्रा शिवालय २ जाजरकोट | हिमालय आ वि मर्मत तथा रंगरोगन | १,२५,० ००.०० | म्याद नाघेको |
| ६ | विउरेचुला भैसी पालन कृषक समुह शिवालय २ डुङग्रा जाजरकोट । | दुध मिसन कार्यक्रम अन्तर्गत भैसी प्रवर्द्धन | ५,००,० ००.०० | म्याद नाघेको |
| ७ | सुन्दर नामक भैसि पालन समुह शिवालय ७ जाजरकोट | दुध मिसन कार्यक्रम अन्तर्गत भैसी प्रवर्द्धन | ५,००,० ००.०० | म्याद नाघेको |
| ८ | वडाखेतझो.पु. निर्माण उ.स. शिवालय गा.पा १ र ८ जाजरकोट | बडाखेतझो.पु., शिवालय-८, मैतडा झे पु, लया खोला ट्रस झो.पु, शिवालय गाउँपालिका, जाजरकोट | ९,६५,० ००.०० | म्याद ननाघेको |
| ९ | वडा कार्यालय भवन निर्माण उ स शिवालय ५ जाजरकोट | वडा कार्यालय भवन निर्माण शिवालय ५ | ५,००,० | म्याद |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | ००.०० | ननाघेको | |
| | | | १० | वडा कार्यालय भवन निर्माण उ स शिवालय ६ जाजरकोट | वडा कार्यालय भवन निर्माण शिवालय ६ | ५,००,०००.०० | म्याद नाघेको | |
| | | | ११ | वडा कार्यालय भवन निर्माण उ स शिवालय ७ जाजरकोट | वडा कार्यालय भवन निर्माण(गत आ व को भुक्तानी दिन वाँकी) | ५,१५,०००.०० | म्याद नाघेको | |
| | | | १२ | कोप्चाखोला दलित टोल खानेपानी उ स शिवालय ८ जाजरकोट | खानेपानी निर्माण मर्मत तथा सरसफाई सम्वन्धी कार्यक्रम (सवै) | १,६०,०००.०० | म्याद नाघेको | |
| | | | १३ | श्री वादी संञ्जाल समिती शिवालय गा पा ३ जाजरकोट । | लक्षित वर्गको कार्यक्रम सञ्चालन (सबै) | ५०,०००.०० | म्याद नाघेको | |
| | | | १४ | बालुवा वजार झो पु निर्माण उ स शिवालय ९ जाजरकोट । | बालुवा खोला,बडाखेत झो.पु. शिवालय-८, लया खोला ट्रस झो.पु, शिवालयगाउँपालिका, जाजरकोट | ८,००,०००.०० | म्याद ननाघेको | |
| | | | १५ | खोबिल्टा पहिरो नियन्त्रण उ स शिवालय २ जाजरकोट । | खोबिल्टा पहिरो नियन्त्रण अधिकारी टोल शिवालय २ | ३,२०,०००.०० | म्याद नाघेको | |
| | | | १६ | मालिका अल्लो धागो तथा सिस्नो पाउडर प्रशोधन र उत्पादन उद्योग भवननि उ स शिवालय ६ जाजरकोट | मालिका अल्लो घागो तथा सिस्नो पाउडर उत्पादन तथा उद्योग भवन निर्माणक्रमाग शिवालय ६( गत वर्षको भुक्तानी दिन वाँकी) | ३,२०,०००.०० | म्याद नाघेको | |
| | | | १७ | श्री बुरुसे मालिका रोकाय जाँत भैँसी पालन कृषक समुह शिवालय ६जाजरकोट । | दुध मिसन कार्यक्रम अन्तर्गत भैसी प्रवर्द्धन | ५,००,०००.०० | म्याद नाघेको | |
| | | | १८ | भद्रबहादुर शाही | योजना खातातथा घर नक्सा पास किताव छपाई | ९५,०००.०० | म्याद नाघेको | |
| | | | १९ | भद्र बहादुर शाही | पदाधिकारी तथा कर्मचारीहरुको अध्ययन अवलोकन भ्रमण | ६,००,०००.०० | म्याद नाघेको | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>२०</td><td>कमल बहादुर बुढा</td><td>उपचारात्मक सेवा अन्तर्गतका कार्यक्रमहरु</td><td>३,००,०००.०</td><td>म्याद नाघेको</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>१५६१६३९६</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२७</td><td></td><td></td><td>
पेश्की बाकीः<br>
आर्थिक कार्यविधि तथा वित्तिय नियमावली, २०७७ को नियम ४७(४) अनुसार पेश्की फछ्र्यौट हुनुपर्दछ । त्यस्तै नियम ५१(१) अनुसार समयमा पेश्की फछ्र्यौट नगरेमा बाकी पेश्की रकममा म्याद नाघेको मितिले वार्षिक १० प्रतिशतका दरले व्याज समेत असूल गर्ने व्यवस्था छ । तपशिल बमोजिमका निर्माण कार्यको कार्य सम्पन्न गर्ने म्याद समाप्त भैसकेको अवस्थामा र सो कामका लागि लिएको पेश्कि जमानतको म्याद समाप्त भै सकेको अवस्थामा सम्वन्धितले सो कार्यका लागि लिएको पेश्कि फस्र्यौट नभई बाकि रहेकोले नियमानुसार व्याज समेत लगाई फछ्र्यौट हुनुपर्ने रु.
<table>
<tr><th>भौनं मिति</th><th>काम</th><th>निर्माण व्यवसायी</th><th>पेश्कि रकम</th><th>पेश्कि जमानतको म्याद</th><th>कार्य सम्पन्न गर्ने म्याद</th><th>कैफीयत</th></tr>
<tr><td>१७।०७८।११।३०</td><td>शिभालय काँडा सडक निर्माण</td><td>द कालीसिद्धि निर्माण सेवा सुर्खेत</td><td>२५८०९६</td><td>०७९।२।१७</td><td>०७९।३।२५</td><td>म्याद थप नभएको</td></tr>
</table>
</td><td>२५८,०९६</td></tr>
<tr><td>२८</td><td></td><td></td><td>
आयको अनुमानः<br>
स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.२० लाख प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७८।७९ मा रु.१७४०३२८.४० अर्थात अनुमान भन्दा ८७.०१ प्रतिशत घटी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थार्थपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।
</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२९</td><td></td><td></td><td>

**कर तथा शुल्क असुली**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विटौरी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

<table>
<tr><th>आय शीर्षक</th><th>अनुमान</th><th>असुली</th><th>असुली प्रतिशत</th></tr>
<tr><td>एकीकृत सम्पत्ति कर र घरजग्गा कर</td><td>०</td><td>०</td><td>०</td></tr>
<tr><td>घरजग्गा वहाल कर</td><td>०</td><td>०</td><td>०</td></tr>
<tr><td>व्यवसाय कर</td><td>०</td><td>०</td><td>०</td></tr>
<tr><td>वहाल विटौरी शुल्क</td><td>०</td><td>०</td><td>०</td></tr>
<tr><td>अन्य कर</td><td>२००००००</td><td>१७४०३२८.४०</td><td>८७.०१</td></tr>
</table>

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।

</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३० | | | **राजश्व दाखिला :**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा २८(२) अनुसार आफ्नो जिम्मामा आएको सरकारी नगदी सोही दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला नगरेको देखिन आएमा सम्बन्धित तालुक कार्यालय वा विभागिय प्रमुखले दश दिनसम्म ढिलो गरेको भए दाखिला गर्न बाँकी रकम र सो रकमको दश प्रतिशतले जरिवाना गरी सो समेत दाखिला गर्न लागउने र सो भन्दा ढिलो गरेको भए दश प्रतिशतका दरले जरिवाना गरी दाखिला गर्न लागाई कसुरको मात्रा अनुसार प्रचलित कानुन बमोजिम विभागीय कारबाही समेत गर्ने गराउने उल्लेख छ। पालिका अन्तर्गत ९ वटा वडा बाट प्राप्त गरेको राजश्व रकम एक महिनाभित्र दाखिला हुने गरेको छ । कानूनले तोकिएको समयावधि भित्र राजस्व रकम दाखिला गराउने तर्फ पालिकाले ध्यान दिनु पर्दछ । पालिकाले नगदी रसिद नियन्त्रण खाता राखि व्यबस्थित रुपमा ठेलि तथा रसिद नम्बर खुलाएर रसिद ठेलि बुझाउने, बुझाएको ठेलीबाट प्राप्त आम्दानी सम्बन्धमा पोष्टिङ गरी जोडजम्मा तथा परीक्षण गर्न सकिने बनाउने, फिर्ता लिएको बाँकी रसिद नम्बर समेत खुलाएर अभिलेख राख्ने र प्राप्त राजश्व पालिकाले समेत परीक्षण गरी एकिन गर्नु पर्नेमा वडाबाट दाखिला भौचरको आधारमा मात्र आम्दानी गर्ने र राजश्व शाखाले रसिदहरु पोष्टिङ नगरी प्राप्त आम्दानी बैंक दाखिला गरेको पाईदा प्राप्त हुनुपर्ने राजश्व र प्राप्त राजश्व भिडान गर्न सकिएन । साथै लेखाशाखाले आम्दानी, गोश्वरा भौचर उठाउदा गोश्वरा भौचरसँग बैंक भौचर नहुने, शाखामा रहेको भौचरमा नगदी रसिद नम्बर उल्लेख नहुने, मालपोत रसिद र नगदि रसिद नछुट्टिने, वडागत तथा शीर्षकगत आम्दानी राजश्व शाखाले पनि तयार नगर्ने अवस्थाले राजश्वको अभिलेख व्यवस्था कमजोर रहनुका साथै परीक्षण गर्न सक्ने अवस्थामा रहेको पाईएन । नगद आम्दानी रकम दैनिक रुपमा तथा भोलिपल्ट समेत दाखिला नभइ दुरीको कारण मासिक रुपमा ढिलो दाखिला हुने गरेकोमा नियमानुसार समयमा दाखिला गर्न पालिकाले व्यवस्था मिलाउनु पर्दछ । | |
| ३१ | | | **नगदी रसिद फिर्ता नगरेकोः**<br>निम्न वडाका वडा सचिवहरु आ.व. 207८/7९ को आन्तरिक राजश्व संकलनको लागि गाउँपालिका कार्यालयबाट आफुले बुझेकोमध्ये बाँकी नगदी र मालपोत ठेली लेखापरीक्षण भएको मितिसम्म पनि कार्यालयमा फिर्ता गरेको पाइएन।यसरी राजश्व संलकन गरेका नगदी रसिदको अर्धकट्टी रसिद फिर्ता नबुझाई एकमुष्ट रकम दाखिला गरेको हुँदा सबै नगदी रसिदको छानविन गरी नियमअनुसारको जरिवाना सहित असूल गरी निजहरुलाई जिम्मेबार बनाउनु पर्दछ । | |

**फिर्ता नगरेको नगदी रसिदको विवरण**

| वडा नं. | वडा सचिवको नाम | नगदी रसिद | मालपोत रसिद |
|---|---|---|---|
| १ | रेश्मा सोनी | ०१-२५० ५ ठेली | ... |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३२ | | | **राजश्व अभिलेख :**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ मा भएको व्यवस्था अनुसार कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा अघिल्लो आ.व.को बाँकी के कति रसिद छन सोको पुर्ण अभिलेख राखेको देखिएन । पालिकाबाट सवै वडाहरुमा स्वचालित प्रणालि जडान गरी राजस्व संकलन गर्ने तर्फ ध्यान दिनुपर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३३</td><td></td><td></td><td>पालिकाका पदाधिकारी सुविधा<br>कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७७ को दफा ३ मा पदाधिकारी र सदस्यले आफु निर्वाचित भई काम कारबाही शुरु गरेको मिति देखि अनुसुची १ र २ मा उल्लेख भए बमोजिमको रकममा नबढ्ने गरी स्थानीयतहको आन्तरिक श्रोतको आधारमा सुविधा पाउने व्यवस्था छ । पालिकाले पदाधिकारीहरुलाई यस वर्ष रु. ५६६६७९६।०० रकम सुविधा वापत भुक्तानी गरेको छ ।</td><td></td></tr>
<tr><td>३४</td><td></td><td></td><td>पदाधिकारीले प्रयोग गरेको सामानः<br>पालिका पदाधिकारीहरुले प्रयोग गरेको जिन्सी माल सामान आफ्नो पदभार मुक्त भए पश्चात पालिकालाई हस्तान्तरण गर्नुपर्नेमा लेखापरीक्षणको अवधि सम्म पनि फिर्ता गरेको नपाईएकाले देहायका पदाधिकारी लगायत सम्पुर्णको एकिन गरि पालिकाले फिर्ता गर्नुपर्ने देखिन्छ ।
<table>
<tr><th>क्र स</th><th>पद नाम</th><th>लिएको सामान</th><th>मुल्य</th></tr>
<tr><td rowspan="4">१</td><td rowspan="4">पुर्व गापा अध्यक्ष नरेन्द्र कुमार शाही</td><td>मोवाईल MI र सिम १ १ थान</td><td>नखुलेको</td></tr>
<tr><td>ल्यापटप डेल १ थान</td><td>नखुलेको</td></tr>
<tr><td>क्यामेरा Cannon १ थान</td><td>नखुलेको</td></tr>
<tr><td>ल्यापटप Dell I5 १ थान</td><td>नखुलेको</td></tr>
<tr><td>२</td><td>पुर्व गापा उपाध्यक्ष कुमारी थापा</td><td>98104 मोवाईल सेट १ थान</td><td>नखुलेको</td></tr>
<tr><td>३</td><td>पुर्व वडा नं ४ वडा अध्यक्ष तेज बहादुर बुढा</td><td>ल्यापटप कम्प्यूटर Dell i5 7th Generation</td><td>नखुलेको</td></tr>
</table>
लगायत अन्य पदाधिकारीहरु संग पनि जिन्सी सामान लिएको एकिन गरि प्रतिवेदन पेश गर्नुपर्ने देखिन्छ ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३५</td><td></td><td></td><td>

**पदाधिकारी अन्य सुविधाः**

कर्णाली प्रदेश पालिकाका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ (पहिलो संशोधन समेत)को दफा ३ मा पालिकाका पदाधिकारीहरुले अनूसूची १(क),१(ख),१(ग) मा उल्लेख भएको भन्दा बढी हुने गरी पादाधिकारी सुविधा दिन मिल्ने देखिदैन । तर पालिकाले उक्त ऐनमा उल्लेख भएको भन्दा बढी हुने गरी देहाय अनुसार कार्यमा रु. २८४२७५ ।०० बढी भुक्तानी दिएको असुल गर्नुपर्ने रु

<table>
<tr><th>गो.भौ.नं र मिति</th><th>विवरण</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>२३९।०७८।१२।०८</td><td>उपाध्यक्ष कुमारी थापाको निवासको अथिति सत्कार वापत थप खर्च भुक्तानी</td><td>३६९७०</td></tr>
<tr><td>२३८।०७८।१२।०८</td><td>उपाध्यक्षको निवास वापत घरभाडा भुक्तानी (मासिक १०८००)</td><td>१२९६००</td></tr>
<tr><td>६८।०७८।०८।१७</td><td>अध्यक्ष निवासमा अथिति तथा विविध खर्च वापत भिम बहादुर शाहीलाई भुक्तानी</td><td>११७७०५</td></tr>
<tr><td>**जम्मा**</td><td></td><td>**२८४२७५**</td></tr>
</table>

</td><td>२८४,२७५</td></tr>
<tr><td>३६</td><td></td><td></td><td>

**विल भरपाईः**

आर्थिककार्यबिधितथावित्तियउत्तरदायित्वनियमावली२०७७कोनियम३९(५) बमोजिमखर्चलेख्दाखर्चकोबिलभरपाईसहितलेखाराख्नुपर्नेव्यवस्थाछ।पालिकाले देहाय अनुसारको भुक्तानीमा संलग्न फाँटवारीमा विल भरपाई पेश वेगर भुक्तानी दिएकाले तथा पेश्की फस्र्योट गरेकोले प्रमाण पेश गर्नुपर्ने अन्यथा असुलगरीआन्तरिक कोषमादाखिलागर्नुपर्नेरु.

<table>
<tr><th>गो.भौ. नं र मिति</th><th>विवरण</th><th>र<br>क<br>म</th></tr>
<tr><td>३८३।<br>०७९।<br>३।१२</td><td>श्री विहानी कृषि तथा पशुपालन सहकारी संस्था लि शिवालय ६ जाजरकोटलाई कार्यालय व्यावस्थापन खर्च भुक्तानी वापत रु.७५०००।०० दिएकोमा संलग्न फाटवारीमा खर्चको विल भरपाई नदेखिएकोले विल भरपाई पेश गर्नुपर्ने अन्थया असुल गर्नुपर्ने रु.</td><td>७<br>५<br>०<br>०<br>०</td></tr>
<tr><td>२३५।<br>०७८।</td><td>भुसाल अफसेट प्रेस प्रा लिबाट २०७८।१०।१४ मा ५० पिस झोला खरिद वापत भुक्तानी रु.१६००००।०० दिएकोमा लेखापरिक्षणको अवधि सम्म सम्बन्धितलाई वितरण गरे प्रमाण पेश नभएकोले प्रमाण पेश गर्नुपर्ने रु.</td><td>१<br>६</td></tr>
</table>

</td><td>५२८,२३५</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|
| | | | १२।०८ | | ०००० | |
| | | | २२।२०७८।६।२२ | रामदुत प्रिन्टर्स कारकाँदो २ नेपालगञ्जबाट २०७८।५।२८ मा २५० थान पुस्तिका खरिद वापत भुक्तानी रु.१४८३१२।०० दिएकोमा लेखापरिक्षणको अवधि सम्म सम्बन्धितलाई वितरण गरे प्रमाण पेश नभएकोले प्रमाण पेश गर्नुपर्ने रु. | १४८३१२ | |
| | | | १४।२०७९।२।२९ | लुम्बिनी एग्रो टेक एण्ड सप्लार्यसबाट २०७९।२।५ मा ५० थान सिल्पाउलिन (व्यवसायीक तरकारी उत्पादनको लागि प्लाष्टिक घर निर्माणका लागि) खरिद वापत भुक्तानी रु.१४४९२३।०० दिएकोमा लेखापरिक्षणको अवधि सम्म २९ जना कृषकलाई दामाशाही रुपमा ३६ थान वितरण गरेकोमा बाकी १४ थान सम्बन्धितलाई वितरण गरे प्रमाण पेश नभएकोले प्रमाण पेश गर्नुपर्ने अन्थया असुल गर्नुपर्ने रु. | १४४९२३ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३७ | | | **भ्रमण खर्च :**<br>कर्णाली प्रदेश अन्तर्गतका पालिकाका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् .<br><br>• अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको ।<br><br>• नियमानुसार भ्रमण अभिलेख खाता नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकिकृत विवरण प्राप्त हुन नसकेको ।<br><br>• भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको ।<br><br>• कतिपय भ्रमणहरु पालिका वा कार्यालयसँग असम्बन्धित नगर/गाँउपालिका गएको जनाई सो वापतको खर्च भुक्तानी गर्ने गरेको ।<br><br>• स्पष्ट प्रयोजन बेगर पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको ।<br><br>तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ । | |
| ३८ | | | **करार कर्मचारीलाई भत्ताः**<br>सामान्य प्रशासन मन्त्रालयको मिति २०७४।१।२५ को पत्रबाट २०७४।७५ बाट लागु हुने गरी करार कर्मचारीको सेवा सुविधाको बारेमा गरेको परिपत्रमा उल्लेखित सेवा सुविधा बाहेक अन्य सुविधा दिन नपाउने व्यवस्था उल्लेख छ । पालिकाले विभिन्न शिर्षकबाट तलव भत्ता खाने गरी देहायका पदमा करार कर्मचारी भर्ना गरि भत्ता भुक्तानी भएको देखिन्छ । यसरी नियम विपरित भत्ता भुक्तानी दिएको नियमसंम्मत नदेखिएको रु. | १,१४८,४०० |

| सि न | नाम पद | भत्ता शिर्षक | रकम (मासिक) | जम्मा(वार्षिक) |
|---|---|---|---|---|
| १ | पाचौं (स्वाकीय सचिव) उदय बहादुर राना | स्थानीय भत्ता, महंगी भत्ता (५५१०, २०००) | ७५१० | ९०१२० |
| २ | सई नवराज शाही | स्थानीय भत्ता,महंगी भत्ता (५५१०,२०००) | ७५१० | ९०१२० |
| ३ | सई कर्ण बहादुर शाही | स्थानीय भत्ता, महंगी भत्ता (५५१०,२०००) | ७५१० | ९०१२० |
| ४ | सई टेकराज बुढा | स्थानीय भत्ता, महंगी भत्ता (५५१०,२०००) | ७५१० | ९०१२० |
| ५ | असई केशव ब शाही | स्थानीय भत्ता, महंगी भत्ता (४६००,२०००) | ६६०० | ७९२०० |
| | | | | |

| **क्रम** | **भौचर नम्बर** | **भौचर मिति** | **बिषय** | | | | | | | **बेरुजु रकम** |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ६ | प्र सा ऐन बहादुर शाही | स्थानीय भत्ता, महंगी भत्ता (४६००,२०००) | ६६०० | ७९२०० | | |
| | | | | ७ | क स गोपाल पुन | स्थानीय भत्ता, महंगी भत्ता (४६००,२०००) | ६६०० | ७९२०० | | |
| | | | | ८ | सा प छत्र ब हमाल | स्थानीय भत्ता, महंगी भत्ता (४६००,२०००) | ६६०० | ७९२०० | | |
| | | | | ९ | क अ केशव राज रेग्मी | स्थानीय भत्ता, महंगी भत्ता (५५१०,२०००) | ७५१० | ९०१२० | | |
| | | | | १० | चालक प्रकाश घर्ति | स्थानीय भत्ता, महंगी भत्ता (३५५०,२०००) | ५५५० | ६६६०० | | |
| | | | | ११ | कास नन्द बहादुर रावत | स्थानीय भत्ता, महंगी भत्ता (३५५०,२०००) | ५५५० | ६६६०० | | |
| | | | | १२ | कास नर बहादुर बुढा | स्थानीय भत्ता, महंगी भत्ता (३५५०,२०००) | ५५५० | ६६६०० | | |
| | | | | १३ | कास भिम बहादुर शाही | स्थानीय भत्ता, महंगी भत्ता (३५५०,२०००) | ५५५० | ६६६०० | | |
| | | | | १४ | कास प्रज्वल शार्मा | स्थानीय भत्ता, महंगी भत्ता (३५५०,२०००) | ५५५० | ६६६०० | | |
| | | | | १५ | कास भिमे खत्री | महंगी भत्ता | २००० | २४००० | | |
| | | | | १६ | कास कृष्ण बहादुर थापा | महंगी भत्ता | २००० | २४००० | | |
| | | | | **जम्मा** | | | | **११४८४००** | | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३९</td><td></td><td></td><td>
विरुवा खरिदः<br>
पालिकाले विरुवा खरिद गर्दा सके सम्म सरकारी फर्मबाट खरिद गर्नुपर्ने र यदि सरकारी फर्ममा उपलब्ध हुन नसके जिल्ला कृषि विकास कार्यालयले तोकेको कृषि श्रोत केन्द्रबाट विउ विरुवा खरिद गरिनु पर्दछ । र यसरी खरिद गरिएको विउ विरुवाको जर्मिनेशन परीक्षण गरेपछि मात्र कृषकलाई उपलब्ध गराउनु पर्दछ । पालिकाले देहायका कृषि प्राविधिक कर्मचारीहरु लाई भुक्तानी दिई कार्यक्रम वापत भुक्तानि दिएको छ । पालिकाले कृषकहरुको लागि खरिद गरी वितरण गरेको भरपाई पेश भएको छ । यसरी खरीद गरिएको विउ विरुवा विक्री गर्ने विक्रेता जिल्ला कृषि विकास कार्यालयबाट श्रोत केन्द्र तोकेको प्रमाण पेश नभएको र खरिद गरिएका विउ विरुवा उपयूक्त भए नभएको एकिन गर्न सकिने अवस्था देखिएन । यस सम्वन्धमा पालिकाको समेत ध्यान जानुपर्ने देखिन्छ ।केही उदाहरणहरु यस प्रकार छन्
<table>
<tr><th>गो भौ नं मिति</th><th>विक्रेता</th><th>खरिद भएको विरुवा</th><th>रकम</th><th>वितरण</th></tr>
<tr><td rowspan="2">५।२०७८।१०। २०</td><td>मोर्डन एग्रो टेक्नोलोजी नेपालगञ्ज १ बाकेबाट खरिद</td><td>१६८० केजि (स्वर्गद्धारी) गहुको विउ</td><td>१२६०००</td><td>कृषक लाई दामाशाहीरुपमा</td></tr>
<tr><td>सिद्धबाबा कृषि उ सहकारी संस्था लि भेरी न पा ११ जाजरकोट</td><td>४०० केजि गहु (Wk1204) को विउ</td><td>२६०००</td><td>कृषक लाई दामाशाहीरुपमा</td></tr>
<tr><td>४।०७८।१०।२०</td><td>मोर्डन एग्रो टेक्नोलोजी बाँके</td><td>विभिन्न विउ पोल</td><td>९९२६०</td><td>कृषकलाई दामाशाही रुपमा वितरण</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>२५२२६०</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४०</td><td></td><td></td><td>
करार कर्मचारीलाई ग्रेड भुक्तानीः<br>
सामान्य प्रशासन मन्त्रालयको मिति २०७४।१।२५ को पत्रबाट २०७४।७५ बाट लागु हुने गरी करार कर्मचारीको सेवा सुविधाको बारेमा गरेको परिपत्रमा उल्लेखित सेवा सुविधा बाहेक अन्य सुविधा दिन नपाउने व्यवस्था उल्लेख छ ।तर पालिकाले पाचौं (स्वकीय सचिव) उदय बहादुर रानालाइ सो व्यवस्था विपरीत तलब भुक्तानी गर्दा मासिक रु ७०४९ का दरले वार्षिक रु ८४५८८ ग्रेड भुक्तानी गरेको छ । यसरी करार सेवाका कर्मचारीहरुलाई परिपत्रमा भुक्तानी दिन नमिल्ने भनी उल्लेख गरेको सुविधा रकम भुक्तानी गरेकोले उक्त रकम सम्बन्धीतबाट असुल गरी दाखिला गर्नुपर्ने रु
</td><td>८४,५८८</td></tr>
<tr><td>४१</td><td></td><td></td><td>
करार कर्मचारीलाई थप सञ्चयकोष रकम भुक्तानीः<br>
कर्मचारी सञ्चय कोष ऐन,२०१९ को दफा १२ (१) प्रत्येक कार्यालयले कर्मचारीको मासिक तलबबाट दश प्रतिशतमा नघट्ने गरी तोकिए बमोजिमका दरले कोष रकम कट्टी गरी सो रकमको तोकिए बमोजिमको प्रतिशतले हुने रकम समेत थप गरी कोषमा जम्मा गर्नु पर्ने तथा दफा २ ख अनुसार कोषमा रकम कट्टी गर्ने स्थायी कर्मचारीहरुलाई मात्र थप गरी रकम कट्टा गर्नुपर्ने व्यवस्था छ ।पालिकाले २०७८ श्रावण महिना देखि २०७९ असार महिना सम्म देहायका करार सेवातर्फका कर्मचारीहरुको कर्मचारी सञ्चयकोष
</td><td>५१०,४५६</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | १० प्रतिशत रकम कट्टी गरी पालिकाको तर्फबाट सत प्रतिशत रकम थप गरी कर्मचारी सञ्चयकोषमा जम्मा गरेको देखियो । यसरी करार सेवाका कर्मचारीहरुलाई थप गर्ने आधार नभएकोले उक्त रकम निजहरुबाट असुल उपर हुनुपर्ने रु. | |

| सि.नं | पद नाम थर | थप सत प्रतिशत रकम | १२ महिनाको जम्मा रु |
|---|---|---|---|
| १ | पाचौं (स्वकीय सचिव) उदय बहादुर राना | ३७२५ | ४४७०० |
| २ | सई नवराज शाही | ३०२० | ३६२४० |
| ३ | सई कर्ण बहादुर शाही | ३०२० | ३६२४० |
| ४ | सई टेकराज बुढा | ३०२० | ३६२४० |
| ५ | असई केशव ब शाही | २८६१ | ३४३३२ |
| ६ | प्र सा ऐन बहादुर शाही | २८६१ | ३४३३२ |
| ७ | क स गोपाल पुन | २८६१ | ३४३३२ |
| ८ | सा प छत्र ब हमाल | २८६१ | ३४३३२ |
| ९ | क अ केशव राज रेग्मी | ३०२० | ३६२४० |
| १० | चालक प्रकाश घर्ति | २४०१ | २८८१२ |
| ११ | कास नन्द बहादुर रावत | २१४८ | २५७७६ |
| १२ | कास नर बहादुर बुढा | २१४८ | २५७७६ |
| १३ | कास भिम बहादुर शाही | २१४८ | २५७७६ |
| १४ | कास प्रज्वल शार्मा | २१४८ | २५७७६ |
| १५ | कास भिमे खत्री | २१४८ | २५७७६ |
| १६ | का स कृष्ण बहादुर थापा | २१४८ | २५७७६ |
| | | | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td><table><tr><td></td><td>जम्मा</td><td>५१०४५६</td><td></td></tr></table></td><td></td></tr>
<tr><td>४२</td><td></td><td></td><td>

**पारिश्रमिक कर छूटः**

आयकर ऐन, 2058 को दफा 8७ अनुसार रोजगार दाताबाट अनुसूची १ बमोजिम कर कट्टा गर्नु पर्ने व्यवस्था छ ।यस पालिकामा कार्यरत कर्मचारीहरुको बार्षिक आयमा लाग्ने कर नियमानुसार कट्टी छुट देखिएकोले सम्बन्धितबाट असुल गर्नुपर्ने रु.

<table>
<tr><th>कर्मचारीको नाम</th><th>खुद बार्षिक आय</th><th>कर छुट</th><th>कर योग्य आय</th><th>कट्टी गरेको</th><th>छुट पारिश्रमिक कर</th></tr>
<tr><td>हरि बहादुर घर्ति मगर</td><td>५०३८७०</td><td>४५००००</td><td>५३८७०</td><td>०।००</td><td>५३८७</td></tr>
</table></td><td>५,३८७</td></tr>
<tr><td>४३</td><td></td><td></td><td>

**डोजर, लोडर, एक्साभेटर मर्मत :**

पालिकामा रहेको ब्याक हो लोडरको मर्मत तथा ईन्धनमा यो वर्ष कार्यालयले रु.१४१९०१५।०० खर्च गरेकोमा उक्त ब्याक हो लोडर भाडामा लगाएबापत कार्यालयले आम्दानी गरेको छैन भने पालिकाद्वारा संचालित योजनामा समेत यसको प्रयोग भएको पाईएन । कार्यालयले उपलब्ध मेशिनरीको अधिकतम प्रयोग गर्ने एवम् सरकारी रकम लगानीको उचित प्रतिफल प्राप्त हुने गरि प्रयोग गर्न जरुरी छ ।

<table>
<tr><th>सि.नं</th><th>मेशिनरी</th><th>संख्या</th><th>मर्मत खर्च</th><th>ईन्धन खर्च</th><th>आम्दानी रकम</th></tr>
<tr><td>१</td><td>ब्याक हो लोडर</td><td>१</td><td>७३२९०</td><td>१३४५७२५</td><td>०</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>१</td><td>७३२९०</td><td>१३४५७२५</td><td>०</td></tr>
</table></td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४४ | | | **शिक्षक दरवन्दी र पदपूर्ति -**<br>पालिका अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस पालिका अन्तर्गत विभिन्न तहका ४३ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ । | |

| क्र सं | विद्यालय | **शिक्षकदरबन्दी** | | | | **पदपुर्ती** | | | | | विद्यार्थी संख्या |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दरबन्दी | राहत | शिक्षण सिकाइ अनुदान संघ | गाउँपालिका शिक्षक अनुदान | स्थायी | करार | राहत | शिक्षण सिकाइ अनुदान | गाउँपालिका शिक्षक अनुदान | |
| १ | वालविकास | ३२ | ० | ० | २१ | ० | ० | ० | ० | २१ | ९४२ |
| २ | प्रा वि | ६५ | ३४ | ० | ३४ | ४७ | १८ | ३४ | ० | ३४ | ३१०९ |
| ३ | नि मा वि | १३ | १३ | ५ | ८ | ६ | ७ | १३ | ५ | ८ | १४३९ |
| ४ | मा वि | ५ | ७ | ७ | ३ | ४ | १ | ७ | ७ | ३ | ९८६ |
| ५ | उमावि | ३ | ५ | ० | ० | ३ | ० | ५ | ० | ० | ९२३ |
| जम्मा | | ११८ | ५९ | १२ | ६६ | ६० | २६ | ५९ | १२ | ६६ | ७३९९ |

दरबन्दी बमोजिम शिक्षक पदपूर्ति गर्नुपर्दछ ।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४५ | | | **समानीकरण अनुदानबाट शिक्षकको तलब भत्ता –**<br>अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले पालिकालाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी नयाँ शैक्षिक सत्र सञ्चालनका लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ । तर पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई वित्तीय समानीकरण अनुदानबाट रु.१ करोड २५ लाख ५७ हजार तलब भत्ता भुक्तानी गरेको नियमसम्मत नदेखिएको रु | १२,५५७,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४६ | | | **शिक्षकलाई १२ महिनाकै स्थानीय भत्ता भुक्तानीः**<br>कार्यक्रम कार्यान्वियन पुस्तिका २०७८।७९ को क्रियकलाप नं २ को २.२ मा शिक्षकहरुको तलब भत्ता तथा सेवा सुविधा सम्बन्धी व्यवस्था रहेको छ । उक्त व्यवस्था अनुसार शिक्षकहरुलाई स्थानीय भत्ता वर्षभरिमा १०.५ महिनाको मात्र सुविधा दिनुपर्ने व्यवस्था रहेको छ । तर पालिकाले विगत वर्षहरुदेखि नै यस पालिका अन्तर्गतका स्थानीय भत्ता सुविधा पाउने सम्पूर्ण शिक्षकहरुलाई १२ महिनाको स्थानिय भत्ता सुविधा भुक्तानी गरेकोले वढी भुक्तानी भएको रकम पालिकाले नै यकिन गरी सम्बन्धीतबाट असुल गरी सञ्चित कोषमा दाखिला गरेको प्रमाण पेश गर्नुपर्दछ । | |
| ४७ | | | **राष्ट्रपति शैक्षिक सुधार भौतिक निर्माणः**<br>शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वियन पुस्तिका २०७८।७९ को क्रियाकलाप नं ११.१.२.१ मा प्रत्येक पालिकाले विद्यालय भौतिक पूर्वाधार कार्यक्रमहरु कार्यान्वियन गर्दा सम्पूर्ण निर्माण कार्य नेपाल राष्ट्रिय भवन संहिता, २०६० अनुसार गर्नु गराउनु पर्ने, पालिका अन्तर्गतका विद्यालयमा हुने भौतिक निर्माणका कार्यहरु पालिकाले आफ्नो प्राविधिक मार्फत सुपरीवेक्षण गराउने र कार्यसम्पादन प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । साथै राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम कार्यान्वियनका लागि शिक्षा तथा मानव श्रोत विकास केन्द्रद्वारा मिति २०७९।१।५ च.नं. ६०१ को निर्देशनको बुँदा नं. २ अनुसार प्राप्त कार्यक्रम अनुरुप तोकिएको डिजाइन ड्रइङ तथा लागत अनुमान अनुसार २ कोठे तथा ४ कोठे भवन निर्माण गर्नुपर्ने व्यवस्था छ । उक्त कार्यक्रमका लागि देहायका विद्यालयलाई रु. १ करोड २६ लाख निकासा भएको छ । तर विद्यालय निर्माणसँग सम्बन्धित कागजात सम्बन्धित विद्यालयहरुले पालिकामा पेश गरेका छैनन् । तसर्थ निर्माणसँग सम्बन्धित कागजात तथा कार्य सम्पन्न भएको प्रतिवेदन पेश गर्नुपर्ने रु | १२,६००,००० |

| सि न | विद्यालयको नाम | कार्यक्रम | रकम |
|---|---|---|---|
| १ | ईन्द्रज्योती मावि वडा न १२ | ४ कोठे भवन निर्माण | ३६००००० |
| २ | ज्ञानकुञ्ज प्रा वि वडा न ९ | २ कोठे भवन निर्माण | १८००००० |
| ३ | कालिका प्र वि वडा न २ | २ कोठे भवन निर्माण | १८००००० |
| ४ | चन्द्र दिपक मा वि वडा न ९ | ४ कोठे भवन निर्माण | ३६००००० |
| ५ | कालिका प्रा वि वडा न ८ | २ कोठे भवन निर्माण | १८००००० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४८</td><td></td><td></td><td>विद्यालयमा शौक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदानः<br>कार्यक्रम कार्यान्वियन पुस्तिका २०७८।७९ को क्रियाकलाप नं २.७.१३.१३ मा भएको व्यवस्था अनुसार पालिकाभित्रका विद्यालयबाट छनोट गरी माध्यमिक विद्यालयमा पुस्तकालय, ICT र विज्ञान प्रयोगशाला वापत रु ६५०००० अनुदान दिनुपर्ने व्यवस्था छ ।त्यस अनुदान रकमबाट कार्य सम्पन्न गरी कार्यसम्पन्न प्रतिवेदन सम्बन्धित पालिकालाई बुझाउनुपर्दछ।पालिकाले ने रा मा वि वडा न १ लाई आईसिटी निर्माण वापत दिएको रु ६५०००० अनुदान रकमको कार्यसम्पन्न प्रतिवेदन, विद्यालय व्यवस्थापन समितिको सिफारिस, कार्य प्रगति प्रतिवेदन, निर्मित संरचनाको फोटो, कर दाखिला भौचर र वडाको सिफारिस सहित प्रमाण पेश गर्नुपर्ने रु</td><td>६५०,०००</td></tr>
<tr><td>४९</td><td></td><td></td><td>पारिश्रमिक कर –<br>आयकर ऐन, २०५८ को दफा ८७ मा पारिश्रमिक कर कट्टा गर्नुपर्ने व्यवस्था छ।पालिकाले देहायका कर्मचारीको नियमानुसार लाग्ने रु. ४२२९३३ पारिश्रमिक कर कट्टी गरेको छैन । तसर्थ उक्त कर असुल हुनुपर्ने रु.
<table>
<tr><th>सि न</th><th>कर्मचारीको नाम</th><th>वार्षिक आय</th><th>कर छुट</th><th>करयोग्य आय</th><th>कर गणना</th><th>जम्मा आय</th></tr>
<tr><td>१</td><td>रोजगार संयोजक प्रकाश पौडेल</td><td>609470</td><td>480000</td><td>129470</td><td>100000*10%= 10000<br>29470*20%= 5894</td><td>15894</td></tr>
<tr><td>२</td><td>सुचना प्रविधि अधिकृत हरी बहादुर घर्ती</td><td>609470</td><td>480000</td><td>129470</td><td>100000*10%= 10000<br>29470*20%= 5894</td><td>15894</td></tr>
<tr><td>३</td><td>मा वि शिक्षक इन्द्रबहादुर थापा क्षेत्री</td><td>764197.8</td><td>480000</td><td>284197.8</td><td>100000*10%= 10000<br>184197.8*20%= 36839.56</td><td>46839.56</td></tr>
<tr><td>४</td><td>मा वि शिक्षक शेरबहादुर खत्री</td><td>612959.6</td><td>480000</td><td>132959.6</td><td>100000*10%= 10000<br>32959.6*20%= 6591.92</td><td>16591.92</td></tr>
<tr><td>५</td><td>मा वि शिक्षक शत्रुधनप्रसाद चौधरी</td><td>687653.6</td><td>480000</td><td>207653.6</td><td>100000*10%= 10000<br>107653.6*20%= 21530.72</td><td>31530.72</td></tr>
<tr><td>६</td><td>मा वि शिक्षक पूर्ण प्रसाद रेग्मी</td><td>657776</td><td>480000</td><td>177776</td><td>100000*10%= 10000<br>77776*20%= 15555.2</td><td>25555.2</td></tr>
<tr><td>८</td><td>मा वि शिक्षक चक्रबहादुर चन्द</td><td>633470</td><td>480000</td><td>183470</td><td>100000*10% = 10000<br>83470*20% = 16694</td><td>26694</td></tr>
<tr><td>९</td><td>उमावि शिक्षक मदन आचार्य</td><td>703140</td><td>480000</td><td>223140</td><td>100000*10% = 10000<br>123140*20% = 24628</td><td>34628</td></tr>
<tr><td>१०</td><td>उमावि शिक्षक ललित बहादुर सिह</td><td>703140</td><td>480000</td><td>223140</td><td>100000*10% = 10000<br>123140*20% = 24628</td><td>34628</td></tr>
<tr><td>११</td><td>उमावि शिक्षक रविन्द्र खनाल</td><td>703140</td><td>480000</td><td>223140</td><td>100000*10% = 10000<br>123140*20% = 24628</td><td>34628</td></tr>
</table></td><td>४२२,९३२.४</td></tr>
</table>


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १२ | मावि शिक्षक निमु खत्री | 533870 | 480000 | 83870 | 83870*10% = 8387 | 8387 | | |
| | | | | १३ | मावि शिक्षक विष्णु प्रसाद शर्मा | 527870 | 450000 | 77870 | 77870*10% = 7787 | 7787 | | |
| | | | | १४ | मावि शिक्षक कृष्णबहादुर रोकाय | 527870 | 450000 | 77870 | 77870*10% = 7787 | 7787 | | |
| | | | | १५ | मावि शिक्षक टिकाराम रेग्मी | 584940 | 450000 | 134940 | 100000*10% = 10000<br>34940*20% = 6988 | 16988 | | |
| | | | | १६ | मावि शिक्षक शुशिला भण्डारी | 527870 | 450000 | 77870 | 77870*10% = 7787 | 7787 | | |
| | | | | १७ | मावि शिक्षक निमबहादुर खत्री | 527870 | 450000 | 77870 | 77870*10% = 7787 | 7787 | | |
| | | | | १८ | मावि शिक्षक वलबहादुर बुढा | 527870 | 450000 | 77870 | 77870*10% = 7787 | 7787 | | |
| | | | | १९ | मावि शिक्षक मानबहादुर रोकाय | 584940 | 450000 | 134940 | 100000*10% = 10000<br>34940*20% = 6988 | 16988 | | |
| | | | | २० | मावि शिक्षक तिलक बहादुर बुढा | 584940 | 450000 | 134940 | 100000*10% = 10000<br>34940*20% = 6988 | 16988 | | |
| | | | | २१ | मावि शिक्षक मुना शर्मा | 584940 | 450000 | 134940 | 100000*10% = 10000<br>34940*20% = 6988 | 16988 | | |
| | | | | २२ | मावि शिक्षक पूर्णिमा बुढाथोकी | 584940 | 450000 | 134940 | 100000*10% = 10000<br>34940*20% = 6988 | 16988 | | |
| | | | | २३ | मावि शिक्षक डिलबहादुर बुढा | 527870 | 450000 | 77870 | 77870*10% = 7787 | 7787 | | |
| | | | | जम्मा | | | | | | 422932.4 | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५० | | | **स्यानीटरी प्याड खरिदः**<br>कार्यक्रम कार्यान्वियन पुस्तिका २०७८।७९ को क्रियाकलाप नं. २.७.१३.२३ मा सामुदायिक विद्यालयका कक्षा ६...१२ मा अध्ययनरत छात्राहरुका लागि लागि निशुल्क स्यानीटरी प्याड व्यवस्थापनका लागि प्रति विद्यार्थी अनुदान दिने र यो व्यवस्था अनुसार छात्राहरुलाई प्याड उपलब्ध गराउनु पर्ने व्यवस्था रहेको छ ।पालिकाले शसर्त चालुको ३२२।२०७९।३।२४ बाट ५५९५५ प्याकेड स्यानीटरी प्याड खरिद गरी ३४४४० प्याकेड मात्र वितरण गरेको पाइयो । वितरण पश्चात बाकी रहेका रु ५५९१७५ रकम बराबरका २१५१५ प्याडहरु विद्यालयमा हस्तान्तरण नगरी पालिकाको गोदाममै स्टक राखेको छ । आवश्यकतालाई महशुस नगरी खरिद प्रयोजनार्थ उक्त प्याडहरु खरिद गर्ने र उक्त प्याडहरु सम्बन्धीत ठाउँमा हस्तान्तरण नगर्नेहरुलाई जिम्मेवार वनाइ हस्तान्तरण गरेको प्रमाण पेश गर्नुपर्ने रु | ५५९,१७५ |
| ५१ | | | **शैक्षिक छात्रवृतिः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ ।यस पालिकाले यो वर्ष मिति २०७८।११।३० को गाउँकार्यपालिकाको ६६ औ बैठकको निर्णय नं २७ बाट देहायअनुसारका ८ व्यक्तिलाई व्यक्तिगत खर्चका लागि रु. ९ लाख ६० हजार शैक्षिक अनुदान उपलब्ध गराएको छ। | |

| सि.नं. | अनुदान पाउनेको नाम र ठेगाना | प्रयोजन | अनुदान रकम |
|---|---|---|---|
| १ | निर्मला कुमारी वुढा शिवालय ४ | ओम समाज शैक्षिक प्रतिष्ठान काठमाडौंमा हेल्थ अस्सिटेन्ट पढ्न | १२०००० |
| २ | कमल नेगी शिवालय३ | कलेज अफ एलाइड नेपालगन्जमा हेल्थ अस्सिटेन्ट पढ्न | १२०००० |
| ३ | गोविन्द नेगी शिवालय ३ | **Rolpa polytechnical institute Rolpa** मा भेटेनरी पढ्न | १२०००० |
| ४ | मुकुन्द प्रसाद रेग्मी | **Tribhuwan university institute of forestry** मा फरेस्ट्री पढ्न | १२०००० |
| ५ | दिपक रेग्मी | **Nepal technical college Nepalgunj** मा सिभिल इन्जिनियरिङ्ग | १२०००० |
| ६ | जनक सुनार | **National college of engineering Lalitpur** मा सिभिल इन्जिनियरिङ्ग | १२०००० |
| ७ | कृष्ण बहादुर राना | **Nepal technical college Nepalgunj** मा हेल्थ अस्सिटेन्ट पढ्न | १२०००० |
| ८ | भरत राज रेग्मी | **Kathford international college of engineering** काठमाडौंमा सिभिल इन्जिनियरिङ्ग | १२०००० |

यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५२ | | | **लोकसेवा आयोगको ट्यूसन पढ्न पालिकाबाट अनुदानः –**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ । पालिकाले गापा शिक्षाको ४०।२०७९।३।२० बाट मिति २०७८।११।३० को गाउँकार्यपालिकाको ६६ औ बैठकको निर्णय नं २८ बाट निम्न व्यक्तिहरुलाई लोकसेवा आयोगको ट्यूसन पढ्न पालिकाबाट अनुदान रकम अनुदान दिएको छ ।<br><br>सिन \| अनुदान पाउनेको नाम र ठेगाना \| प्रयोजन \| रकम<br>१ \| गणेश प्रसाद रेग्मी शिवालय८ \| काठमाडौ स्थित **CEDEP** मा लोक सेवाको ट्यूसन पढ्न \| २००००<br>२ \| देव वहादुर खत्री शिवालय६ \| सुर्खेतमा लोक सेवा र कम्प्यूटर पढ्न \| २००००<br><br>यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । | |
| ५३ | | | **भुक्तानीमा कर –**<br>आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा भुक्तानीमा अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायका भुक्तानीमा नियमानुसार लाग्ने अग्रिम कर कट्टी गरेको छैन । तसर्थ उक्त कर असुल हुनुपर्ने रु.<br><br>विवरण \| भुक्तानी रकम \| करको दर \| कर रकम<br>श्री सरस्वती मावि शिवालय ३ आइसीटी निर्माण \| ६५०००० \| १.५ % \| ९७५०<br>श्री सरस्वती मावि शिवालय ६ आइसीटी निर्माण \| ६५०००० \| १.५ % \| ९७५०<br>श्री सरस्वती मावि शिवालय ४ पुस्तकालय निर्माण \| ६५०००० \| १.५ % \| ९७५०<br>श्री ने रा मा वि शिवालय १ विज्ञान प्रयोगशाला निर्माण \| ६५०००० \| १.५ % \| ९७५० | ३९,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५४ | | | **कृषि कार्यक्रम तर्फः**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भर्पाइ, प्रमाण र कागजात संलग्न हुनुपर्दछ ।विउ विजन खरिद, विरुवा खरिद, कृषि सामाग्री, मेशीन लगायतका सामान खरिद गरी कृषकलाई वितरण गरेको भर्पाइ संलग्न गर्ने गरेको पाइयो भने अनुगमन भत्ता खर्च लेख्दा निरिक्षण अनुगमन प्रतिवेदन लिने गरेको पाइएन । त्यस्तै गरी वितरण भर्पाइ कार्यालय प्रमुखबाट प्रमाणित हुने गरेको छैन । अतः कृषक छनौटको आधार, वितरित बिउ, विजन बिरुवा, कृषि सामाग्री कृषकले प्राप्त गरेको र सदुपयोग भएको सुनिश्चित हुने निरीक्षण अनुगमन प्रतिवेदन पेश हुनु पर्दछ भने वितरित विउ विजन बिरुवाको परिमाण ठुलो देखिएकोले त्यस्ता विरुवा विउ विजन प्रयोग हुने जग्गा कृषकसँग रहेको प्रमाण समेत अनुगमन निरिक्षण हुनुपर्दछ । | |

| **भौ. नं. मिति** | **विवरण** | **विउ विजनको मूल्य** |
|---|---|---|
| प्रदेश चालु २।२०७९।२।९ | सिमि, वोडी, काक्रा, टमाटर लगायत तरकारीको ९७२ प्या विउ खरिद | ११९०७० |
| | भिन्डी,करेला,लौका,फर्सी लगायत तरकारीको २०० प्या विउ खरिद | ४९७०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५५ | | | **अनुदानको अनुगमनः**<br>सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । पालिकाले ७ कृषि तथा पशुसेवा सहकारी संस्था र समूह तथा फर्मलाई रु १३ लाख ७० हजार बीउपूँजी तथा अनुदानमा खर्च लेखेको छ । तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा पालिकाबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५६ | | | **औषधी खरिद –**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । तर पालिकाहरुले उक्त प्रक्रियावेगर रु.१५ लाख का औषधि सोझै खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छनः<br>आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।<br>तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको यकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी सारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |
| ५७ | | | **प्रधानमन्त्री रोजगार कार्यक्रमः**<br>प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम पालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी प्राथमिकता क्रम अनुसार, कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकामा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ ।यस पालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेको पाइएन । कामका लागी रोजगार कार्यक्रम कार्यान्वियनका लागि निर्देशिकामा उल्लेखित व्यवस्थाहरुको पालना नगरी अत्याधिक संख्यामा योजना छनौट भएको, पूर्वाधार एवम् अन्य विकास निर्माणका लागि अधिकाँश योजना छनौट नभई, अनुत्पादनमुलक कार्य गराउने गरी योजना छनौट भएका छन् । साथै श्रमिकको संख्या पनि अत्याधिक रहेकोले कार्यक्रमको उद्धेश्य अनुरुप लक्ष्य हाँसिल गर्ने गरी कार्यान्वियन भएको पाईएन । यस कार्यक्रम अन्तर्गत पालिकाभित्रका वडाहरुमा सडक नाला, मोटर बाटो, इनार, प्रतिक्षालय निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष ६५१ जनालाई रोजगारी उपलव्ध गराई रु.३ करोड ७२ लाख ३४ हजार ९ सय ६४ खर्च गरेको छ । लक्षित वर्गलाई ३० दिनदेखि १०० दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन् । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५८</td><td></td><td></td><td>
रितपूर्बकको कर बिजक –<br>
मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकीएको ढाँचाको कर वीजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले रित पूर्कको कर वीजक बेगर देहायका सप्लायर्स तथा निर्माण व्यसायीबाट मु.अ.कर रु. ६२५८४१ समेत रु. ५४३९९९९ समान तथा निर्माण सेवा खरिद गरेको छ । तसर्थ उक्त सप्लायर्स तथा निर्माण व्यवसायिले रितपूर्वकको कर बिजक वेगर पालिकाबाट भुक्तानी लिएको मू.अ.कर समायोजन गरेको प्रमाण पेश हुनुपर्ने रु.
<table>
<tr><th>गोभौनं./मिति</th><th>भुक्तानी पाउनेको नाम</th><th>प्यान नं.</th><th>कर विजकको अवस्था</th><th>भुक्तानी रकम</th><th>मुअकर कर रकम</th></tr>
<tr><td>१३।२०७८।११।३०</td><td>खाण निर्माण सेवा</td><td>६०३०७७७१</td><td>विजक नं हातले लेखेको</td><td>१९४००००</td><td>२२३१८६</td></tr>
<tr><td>३९।०७८।११।१०</td><td>अमर सिस्ने जेभि वाँके</td><td>६१३२६५२५०</td><td>फोटोकपि विजक</td><td>३४९९९९९</td><td>४०२६५५</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>५४३९९९९</td><td>६२५८४१</td></tr>
</table>
</td><td>६२५,८४१</td></tr>
<tr><td>५९</td><td></td><td></td><td>
निर्माण व्यवसायी कर कट्टी नगरेको:<br>
निर्माण व्यवसाय नियमावली २०५६ को नियम १४ मा कोषमा बुझाउनु पर्ने दस्तुर वापत ऐनको दफा १७(२) को खण्ड (ख) को प्रयोजनको लागि निर्माण व्यवसायीले ठेक्का अकको ०.१० (शुन्य दशमलव एक शुन्य) प्रतिशतको दरले हुन आउने रकम कोषमा दाखिला गर्नुपर्ने उल्लेख छ। पालिकाले निर्माण कार्यमा संलग्न निर्माण व्यवसायीहरुलाई रकम भुक्तानी गर्दा नियमानुसारको निर्माण व्यवसायी कोष कट्टी गरी दाखीला गर्ने गरेको पाईएन। नियमानुसार निर्माण व्यवसायी कोष वापतको रकम कट्टी गरी दाखिला गर्ने तर्फ ध्यानदिनु पर्ने देखिन्छ भने तपशिल वमोजिमका निर्माण व्यवसायीलाई रकम भुक्तानि गर्दा कोष कट्टि नगरेकोले नियमानुसारको हुने रकम अशुल गरी दाखिला गर्नुपर्ने रु
<table>
<tr><th>भौ नं मिति</th><th>काम</th><th>भुक्तानी पार्टी</th><th>भुक्तानी रकम</th><th>कट्टी गर्नुपर्ने रकम</th></tr>
<tr><td>२।०७९।३।२२</td><td>अस्पताल भवन निर्माण</td><td>खडका निर्माण सेवा वाँके</td><td>५२००००।००</td><td>४६०२।००</td></tr>
<tr><td>३९।०७८।११।१०</td><td>पालिका भवन निर्माण</td><td>अमर सिस्ने जेभि वाँके</td><td>३४९९९९९।००</td><td>३०९७।००</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>८६९९९९९.०</td><td>७६९९.००</td></tr>
</table>
</td><td>७,६९९</td></tr>
</table>



https://nams.oag.gov.np

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>६०</td><td></td><td></td><td>

**पूर्व निर्धारित क्षतिपूर्ति अशुल गर्नुपर्नेः-**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२१(क) बमोजिम निर्माण व्यवसायीको ढिलाईको कारणले खरिद सम्झौता बमोजिमको काम सो सम्झौतामा तोकिएको म्यादमा सम्पन्न हुन नसकेमा निजले सार्वजनिक निकायलाई सम्झौता रकमको दश प्रतिशतमा नबढने गरी साधारणतया प्रतिदिन सम्झौता रकमको शुन्य दशमलव शुन्य पाँच प्रतिशत पूर्वनिर्धारित क्षतिपूर्ति दिनुपर्ने उल्लेख छ । पालिकाबाट भएका निम्न निर्माण कार्यको सम्झौता अनुसार सम्पन्न गर्ने म्याद समाप्त हुदासम्म कार्यसम्पन्न नभएको तथा म्यादथप नभएकोले नियमानुसार पूर्वनिधारित क्षतिपूर्ति अशुल गरी कार्य सम्पन्न गर्नुपर्ने रु

<table>
<tr><th>काम</th><th>निर्माण व्यवसायी</th><th>संझौता रकम</th><th>कार्य सम्पन्न गर्ने मिति</th><th>म्याद नाघेको दिन</th><th>क्षतिपूर्ति तिर्नुपर्ने रकम</th><th></th></tr>
<tr><td>टाटा तिमिले सडक निर्माण</td><td>द कालीसिद्दि निर्माण सेवा सुर्खेत</td><td>३३६०८६९</td><td>०७९।३।२५</td><td>६</td><td>१००८३</td><td></td></tr>
<tr><td>सिभालय काँडासडक निर्माण</td><td>द कालीसिद्दि निर्माण सेवा सुर्खेत</td><td>२९१६४९०</td><td>०७९।३।२५</td><td>६</td><td>८७४९</td><td></td></tr>
</table>

</td><td>१८,८३२</td></tr>
<tr><td>६१</td><td></td><td></td><td>

**धरौटी कट्टी नगरेकोः-**

सार्वजनिक खरिद नियावली २०६४ को नियम १२३ (४ )मा सार्वजनिक निकायले खरिद संखातामा आम्दानी झौता बमोजिम विल वा बीजकको भुक्तानी गर्दा रिटेन्सन मनी बापत रनिङ वा अन्य बिल वा बीजकमा उल्लेखित रकमको पाँच प्रतिशत रकम कट्टा गरी राख्नुपर्ने उल्लेख छ।पालिकाले तपशिल बमोजिमको ठेक्का वा करार संझौता बमोजिमको रकमको भुक्तानी गर्दा नियमानुसार कट्टी गर्नुपर्ने रिटेन्सन मनी कट्टी नगरेकोले नियमको पालना गरेको पाईएन।तसर्थ नियमानुसार धरौटी कट्टी गरी धरौटी खातामा आम्दानी बाध्नुपर्ने रु

<table>
<tr><th>भौ.नं.मिति</th><th>कामको विवरण</th><th>भुक्तानी पार्टी</th><th>भुक्तानी रकम</th><th>हुने धरौटी रकम</th><th>कट्टी रकम</th><th>कट्टी गर्न वाकि रकम</th></tr>
<tr><td>५०।०७९।३।२५</td><td>ऐरेली खनेटा सडक निर्माण</td><td>द कालीसिद्दि निर्माण सेवा सुर्खेत</td><td>८६२७०५।६८</td><td>३८१७३</td><td>००</td><td>३८१७३</td></tr>
<tr><td>४९।०७९।३।२५</td><td>टाटा तिमिले सडक निर्माण</td><td>द कालीसिद्दि निर्माण सेवा सुर्खेत</td><td>१५५७२८०।२५</td><td>६८९०६</td><td>००</td><td>६८९०६</td></tr>
<tr><td colspan="6">जम्मा</td><td>१०७०७९</td></tr>
</table>

</td><td>१०७,०७९</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६२ | | | **मूल्य अभिवृद्धि कर कट्टी –**<br>आर्थिक ऐन, २०७६ ले गरेको व्यवस्था अनुसार सरकारी कार्यालयले २०७८।२।१६ देखिको ठेक्का वा करार अन्तर्गतको भुक्तानीमा मू.अ.कर रकमको ३० प्रतिशत सम्बन्धीत राजस्व शीर्षकमा र बाँकी ७० प्रतिशत सम्बन्धीत फर्मलाई भुक्तानी दिनुपर्ने उल्लेख छ । तर पालिकाले देहायको भुक्तानीमा नियमानुसार ३० प्रतिशत रकम रु.१७९४६९।०० कट्टी गरी राजस्व दाखिला नगरी फर्मलाई नै भुक्तानी दिएको देखिन्छ । तसर्थ उक्त रकमको कर समायोजन प्रमाण पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु. | १७९,४६९ |
| ६३ | | | **घटी कर कट्टी –**<br>आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा भुक्तानीमा अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायका भुक्तानीमा नियमानुसार लाग्ने अग्रिम कर घटी कट्टी गरेकोले उक्त कर रकम असुल एवं दाखिला गर्नुपर्ने रु | ३,४५२ |

| **गोभौनं./मिति** | **भुक्तानी पाउनेको नाम** | **प्यान नं.** | **भुक्तानी रकम** | **मुअकर कर रकम** | **३० प्रतिशत रकम** |
|---|---|---|---|---|---|
| २।०७९।३।२२ | खडका निर्माण सेवा वाँके | ३००३७७५४७ | ५२०००० | ५९८२३० | १७९४६९ |

| भौन मिति | कामको विवरण | भुक्तानी पाउने | भुक्तानी रकम | हुने कर रकम | कट्टी कर रकम | नपुग कर रकम |
|---|---|---|---|---|---|---|
| २।०७९।३।२२ | अस्पताल भवन निर्माण | खडका निर्माण सेवा वाँके | ५२०००० | ६९०२७ | ६५५७५ | ३४५२ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६४ | | | **नन्फाइलर –**<br>मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ । तर पालिकाबाट देहायका फर्मलाई मू.अ.कर रु. २७८४०५।१३ समेत रु. २४१९९८५।९३ भुक्तानी दिएकोमा लेखापरीक्षण अवधिसम्म पनि ती फर्महरु कर विवरण नबुझाई नन्फाईलर रहेको पाइयो । कानूनी व्यवस्थाअनुसार विवरण नबुझाएकोले कर समायोजन भएको प्रमाण पेश हुनुपर्ने रु. | २७८,४०६ |

| गोभौनं./मिति | भुक्तानी पाउनेको नाम | प्यान नं. | भुक्तानी रकम | मुअकर कर रकम | नन्फाइलर रहेको मिति |
|---|---|---|---|---|---|
| ५०।०७९।३।२५ | द कालीसिद्धि निर्माण सेवा सुर्खेत | ३०००२६६५६ | ८६२७०५।६८ | ९९२४९ | 2079m4 |
| ४९।०७९।३।२५ प्रदेश | द कालीसिद्धि निर्माण सेवा सुर्खेत | ३०००२६६५६ | १५५७२८०।२५ | १७९१५६।१३ | 2079m4 |
| **जम्मा** | | | **२४१९९८५.९३** | **२७८४०५।१३** | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>६५</td><td></td><td></td><td>

**कार्यसम्पादन जमानतरको म्याद थप बारेः-**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११०(१) मा वोलपत्र दाताले ऐनको दफा २७(४) बमोजिमको ढाँचामा दफा २७(३) बमोजिमको म्यादभित्र वाणिज्य बैकबाट जारी भएको कार्यसम्पादन जमानत पेश गर्नुपर्ने उल्लेख छ । नियम ११०(४) मा त्यस्तो कार्य सम्पादन जमानतको मान्य अवधि निर्माण कार्यको हकमा त्रुटी सच्याउने दायित्वको अवधि भन्दा कम्तीमा एक महिना बढी अवधिको हुनुपर्ने उल्लेख छ । निर्माण कार्यको त्रुटी सच्याउने अवधि भन्नाले कार्य सम्पन्न गर्ने अवधि भन्दा एक बर्ष पछिको हुने भएकोले कार्यसम्पादन जमानतको म्याद कार्यसम्पादन गर्ने अवधि भन्दा १३ महिना बढी अवधिको हुनुपर्छ । पालिकाबाट सम्झौता भएका निम्न निर्माणकार्यको कार्यसम्पादन जमानत नियममा उल्लेख भएको अवधि भन्दा घटी अवधिको भएकोले नियमानुसार कार्य सम्पादन जमानतको म्याद थप गरेको प्रमाण पेश गर्नुपर्ने रु.

<table>
<tr><th>कामको विवरण</th><th>निर्माण व्यवसायी</th><th>संझौता मिति</th><th>सम्पन्न गर्ने मिति</th><th>जमानतको मिति</th><th>जमानतको हुनुपर्ने मिति</th><th>जमानत रकम</th><th></th></tr>
<tr><td>हस्पीटल भवन नर्माण</td><td>खडका निर्माण सेवा जाजरकोट</td><td>०७८।६।१०</td><td>०८०।३।२५</td><td>०८०।६।२२</td><td>२०८१।४।२४</td><td>१८९७८६६०</td><td></td></tr>
<tr><td>शिभालय काँडा सडक निर्माण</td><td>द कालीसिद्धि निर्माण सेवा सुर्खेत</td><td>०७८।१०।१२</td><td>०७९।३।२५</td><td>०७९।७।८</td><td>०८०।४।२४</td><td>३२०५७९०</td><td></td></tr>
<tr><td>ऐरेली खनेटा सडक</td><td>द कालीसिद्धि निर्माण सेवा सुर्खेत</td><td>०७८।१०।१२</td><td>०७९।५।१७</td><td>०७९।७।१०</td><td>०८०।६।१६</td><td>३६३३१६०</td><td></td></tr>
<tr><td>टाटा तिमिले सडक</td><td>द कालीसिद्धि निर्माण सेवा सुर्खेत</td><td>०७८।१०।१२</td><td>०७९।३।२५</td><td>०७९।७।८</td><td>०८०।४।२४</td><td>४२९९३२९</td><td></td></tr>
<tr><td colspan="6">जम्मा</td><td colspan="2">३०११६९३९</td></tr>
</table>

</td><td>३०,११६,९३९</td></tr>
<tr><td>६६</td><td></td><td></td><td>

**ल्याव टेष्ट नगरेको :**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११५ मा स्पेसिफिकेसन तथा तोकिएको गुणस्तर बमोजिम भए नभएको निरीक्षण परीक्षण गरी आम्दानी बाँध्नु पर्ने व्यवस्था छ । पालिकाले गापा पूँजीगतको २१२।२०७९।३।१४ बाट Gabion box (1.5*1*1)= 150, (2*1*1)=150 उच्च गुणस्तर अर्थात Heavy coated तार जाली वि सि हार्डवेयर एण्ड सप्लायर्स बाट खरिद गरी रु ९९६६६० खर्च लेखेको छ । उक्त तारजालीको गुणस्तर परिक्षण गरेको ल्याव टेष्टको रिपोट उपलब्ध नभएकोले प्रमाण पेश हुनु पर्ने रु

</td><td>९९६,६६०</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६७ | | | **फील्ड निरीक्षण:-**<br>गाँउ पालिकाको भवन निर्माणका लागि निर्माण व्यवसायी अमर सिस्ने जेभि नेपालगञ्ज संग मिति २०७८।३।२१ मा रु.३७८४८८८२।०० ( मुअ कर तथा पिएस समेत) को संझौता भएको छ।संझौता अनुसार उक्त कार्य मिति २०८०।३।२५ मा सम्पन्न गर्नु पर्ने उल्लेख भएकोमा लेखापरीक्षण अवधि मिति २०७९।८।२७ मा फील्ड निरीक्षण गर्दा भवनको डीपीसी गरी पीलर सम्म उठाएको पाईयो।दुई वर्षको कार्य अवधि भएको उक्त कार्यको १७ महिना ( ७५ प्रतिशत अवधि) सम्म न्यून काम भएको पाईएकोले समयमा काम सम्पन्न हुने देखिदैन।निर्माण व्यवसायीलाई ताकेता गरी समयमै काम सम्पन्न गर्नतर्फ पालिकाले ध्यानदिनुपर्ने देखिएको छ।<br><br>**चित्रः डिपिसी गरेको भवनको फोटो** | |



https://nams.oag.gov.np

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>६८</td><td></td><td></td><td>लागत सहभागिता —<br>पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित पालिकाको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने देखिन्छ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>६९</td><td></td><td></td><td>सव कन्ट्याक्टरबाट काम गराएको :<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम १० मा उपभोक्ता समिति वा लाभ ग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नुपर्ने र कुनै निर्माण व्यवसायी वा सव कन्ट्याक्टरबाट काम गराउन सकिने छैन भन्ने उल्लेख छ । देहायका उपभोक्ता समितिले सडकको काम आफै गर्ने गरी सम्झौता गरेकोमा देहायका निर्माण व्यावसायीबाट काम गराएको देखियो । नियमावलीमा भएको व्यवस्था विपरित काम गराउने उपभोक्ता समिति, जाँचपास गर्ने प्राविधिक तथा सिफारिस कर्ता एवं अनुगमन कर्तालाई यस सम्बन्धमा जिम्मेवार वनाउनु पर्दछ ।
<table>
<tr><th>गो.भौ नं/मिति</th><th>उपभोक्ताको नाम</th><th>भुक्तानी रकम</th><th>निर्माण व्यवसायीको नाम</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>प्रदेश पूँजीगतको १३।२०७८।११।३०</td><td>वालुवा वनकाँडा सानिमेल सडक स्तरउन्नती उ स</td><td>१९४०००० </td><td>खाण निर्माण सेवा</td><td>१९४००००</td></tr>
<tr><td>३५।२०७९।२।१३</td><td>ने रा प्राविधिक शिक्षालय फिल्ड निर्माण उ स</td><td>१४५५०००</td><td>न्यू मिलन निर्माण सेवा</td><td>१४५५०००</td></tr>
<tr><td>३७।२०७९।३।१९</td><td>धुव्रगैरा वडा कार्यालय देखि कोशेटाकुरा सडक निर्माण उ स</td><td>२३५१७६३</td><td>कृष्णसार कन्सट्रकसन प्रालि</td><td>२२७६६७३</td></tr>
<tr><td>४०।२०७९।३।२५</td><td>भिउस थापा वडाकाँडा सडक निर्माण उ स</td><td>१५६३०५१</td><td>कृष्णसार कन्सट्रकसन प्रालि</td><td>१५०९२२८</td></tr>
<tr><td>५१।२०७९।३।२५</td><td>टुनी रोकाजाँत सडक निर्माण उ स</td><td>५०१२९४</td><td>शिवालय कन्सट्रकसन प्रालि</td><td>४७१२९५</td></tr>
<tr><td>५२।२०७९।३।२५</td><td>चिउँदुवा देउली टाटागुहेला सडक निर्माण उ स</td><td>४०४०८४६</td><td>न्यू गंगामाला निर्माण सेवा</td><td>२५०६३४०</td></tr>
<tr><td>४२।०७८।११।११</td><td>मोर्क बजार शिवालय सडक उस</td><td>१०८९२९</td><td>शिवालय कन्ष्ट्रक्सन प्राली शिवालय-</td><td>११००००</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td></td><td></td><td>४</td><td>५</td><td></td></tr>
<tr><td>७६।०७९।२।१२</td><td>विरेन्द्र मावि फिल्ड निर्माण उस</td><td>८०००००</td><td>भि एम एल कन्ष्ट्रक्सन प्राली दाङ</td><td>७८७१५४</td></tr>
<tr><td>८१।०७९।२।२६</td><td>सडक निर्माण उस</td><td>८९३५७४</td><td>भि एम एल कन्ष्ट्रक्सन प्राली दाङ</td><td>८६७५४८</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>७०</td><td></td><td></td><td>विलभर्पाई नभएकोः<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७(६) उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक, मूल्यांकन, बिल, भर्पाइ र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्नेछ ।पालिकाले प्रदेश पूँजीगतको ३९। २०७९।३।२५ बाट चन्द्रज्योती आवि भिउस देखि थानवाडा सडक निर्माण वापत उपभोक्ता समीतिलाई रु ९९०२५५ भुक्तानी गरेको छ । उपलब्ध कार्यसम्पन्न प्रतिवेदनमा Excavation for roadway all types of soil by machine को (6258.89*85 = 532005.86) र Excavation for roadway ordinary rock by machine को (376.88*250 = 94218.75) गरी कूल ६२६२२५ रकमको कुनै पनि विलविजक पेश नभएकोले आवश्यक कागजात प्रमाण पेश गर्नुपर्ने रु</td><td>६२६,२२५</td></tr>
<tr><td>७१</td><td></td><td></td><td>उपभोक्ता समूहले नियमको पालना नगरेकोः<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ को उप नियम ६ मा उपभोक्ता समिति वा लाभ ग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मुल्यांकन विल भर्पाइ र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकबाट अनुमोदन गराइ सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नु पर्ने उल्लेख छ । उपभोक्ता समुह मार्फत भएका कार्यहरु सार्वजनिक खरिद ऐन नियम अनुसार हुनु पर्नेमा सो बमोजिम भए गरेको पाइएन । अत: जिम्मेवार कार्यालय प्रमुखले त्यस प्रकारका कार्यको नियन्त्रण गर्ने तर्फ ध्यानाकर्षण हुनु पर्ने देखियो । उपभोक्ता समितिबाट पेश भएका नियम विपरितका कार्यहरुको केही उदाहरण निम्नानुसार छन्:
<table>
<tr><th>उपभोक्ता समिति</th><th>भुक्तानि रकम</th><th>कैफियत</th></tr>
<tr><td>नेपाखोला सिम्तडा वडिगडी सिचाई उ स</td><td>२७७७२४५</td><td>रु ११२६४५१ को एउटै प्रकृतिका सामग्री टुक्रा पारि विभिन्न विक्रेतसँग खरिद गरेको</td></tr>
<tr><td>कल्याण तटवन्धन योजना उ स</td><td>३४२३४१८</td><td>१७००४७५ को सामग्री एउटै विक्रेता (सफलता ट्रेडर्स) बाट सोझै खरिद गरेको</td></tr>
<tr><td>तल्लो वडाखेत तटबन्धन उ स</td><td>२१३७१४६</td><td>रु १२२०४१५ को सामग्री एउटै विक्रेता (सफलता ट्रेडर्स) बाट सोझै खरिद गरेको</td></tr>
<tr><td>टुनी वरिगाडी वडाखेत र पानिखाना तटबन्धन उ स</td><td>१९६०६८८</td><td>रु १०५०६११ को सामग्री एउटै विक्रेता (सफलता ट्रेडर्स) बाट सोझै खरिद गरेको</td></tr>
</table>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७२ | | | **गुणस्तर परीक्षण -**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ ।यस पालिकाले निम्न उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने निम्न सामानको गुणस्तर परीक्षण गरेको पाइएन । केही उदाहरण देहाय बमोजिम छन् । | |

| सि न | उपभोक्ता समीतिको नाम | सामान | विक्रेता | रकम |
|---|---|---|---|---|
| १ | कल्याण तटवन्धन योजना उ स | Gabion box (2*1*1)=270 वटा र (2*1*1)=201 वटा तथा लेसिङ्ग तार | सफलता ट्रेडर्स एण्ड सप्लायर्स | १७००४७५ |
| २ | तल्लो वडाखेत तटबन्धन उ स | Gabion box (2*1*1)=120 वटा र (2*1*1)=210 वटा तथा लेसिङ्ग तार | सफलता ट्रेडर्स एण्ड सप्लायर्स | १२२०४१५ |
| ३ | टुनी वरिगाडी वडाखेत र पानिखाना तटबन्धन उ स | Gabion box (2*1*1)=201 वटा र (2*1*1)=90 वटा तथा लेसिङ्ग तार | सफलता ट्रेडर्स एण्ड सप्लायर्स | १०५०६११ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७३ | | | **ग्याविन बक्स फिर्ता गर्नुपर्नेः**<br>प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत निम्न समितीलाई पालिकाले खरिद गरेर दिएका ग्याविन बक्सको कार्य नगरी समीतिले नै राखेकोले निम्न ग्याविन बक्स फिर्ता गरेको प्रमाण पेश गर्नुपर्ने अन्यथा उक्त जालि बराबरको रकम समीतिबाट असुल गर्नपर्ने रु | ७६,८८६ |

| सिन | समिती को नाम | लिएका ग्याविन बक्स | प्रयोग भएका ग्याविन बक्स | बाकी ग्याविन बक्स | रकम |
|---|---|---|---|---|---|
| १ | श्री धिर्पूना पहिरो नियन्त्रण समिती | **(2*1*1 = 70, 1.5*1*1 = 70)** | **(2*1*1 = 63, 1.5*1*1 = 64)** | **2*1*1 = 7** को २६५७८<br>**1.5*1*1 = 6** को १७०८६ | ४३६६४ |
| २ | पानी पहिरो नियन्त्रण योजना | **(2*1*1 = 75, 1.5*1*1 = 75)** | **(2*1*1 = 70, 1.5*1*1 = 70)** | **2*1*1 =5** को १८९८४<br>**1.5*1*1 =5** को १४२३८ | ३३२२२ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७४ | | | **अधुरा आयोजना –**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३६ अनुसार योजनाहरुको भौतिक र वित्तीय पक्षको सामुहिक समीक्षा गर्नुपर्ने र यसरी गरिने समीक्षामा प्रगति कम हुनुका प्रमुख कारणहरु र सोको निमित्त जिम्मेवार व्यक्तिको पहिचान गर्नुपर्ने, त्यस्तो समीक्षामा सुधारका लागि चाल्नु पर्ने कदमहरु र जिम्मेवार व्यक्ति उपर गर्नुपर्ने कारबाही समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ । यस पालिकाले यो वर्ष योजनाको कार्य सम्पन्न हुन नसकि जिम्मेवारी सारेको छ । यस प्रकारको दायित्व बिगत वर्षहरुको समेत सार्दै आएको छ । यसरी कानून विपरीत सम्झौता गरी बषौसम्म पनि सम्पन्न नगरी अधुरो रहन गएको उपयुक्त देखिएन । | |

| गो भौ र मिति | य◌ोजनाको नाम | लागत अनुमान | मूल्यांकन | यस वर्ष भुक्तानी | कूल काम % |
|---|---|---|---|---|---|
| ४२।२०७९।३।२५ | देउराली सामूदायिक प्रावि घेरावार निर्माण | ११०३५५३.२१ | ९६२३७५.८३ | ८४२०७९.८५ | ८७.५ |
| ४५।२०७९।३।२५ | शान्ति प्रावि मालुबेला भवन निर्माण | २१९३९७६.१८ | १८२१८३५.९३ | १६१०८६७.३३ | ८८.४ |
| ४६।२०७९।३।२५ | ने रा मा वि स्यापी भवन निर्माण | ३३४०७७८.४६ | ३१७९६१३.९८ | २७६९७६१.७४ | ८७.११ |
| ४७।२०७९।३।२५ | विरेन्द्र मा वि भवन निर्माण | ३३५३३८९.७२ | ३२८४७०२.७१ | २८५०४६५.०१ | ८६.७ |
| ५३।२०७९।३।२५ | सरस्वती मावि भवन निर्माण | २२२३५६०.४२ | २१३४०२८.४६ | १८६१९३९.८३ | ८७.२५ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७५ | | | **जनश्रमदान –**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागीताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ । जस अनुसार निम्न निर्माण कार्य गर्दा उपभोक्ता समिति मार्फत गराउँदा उपभोक्ता समिति र पालिकाले बेहार्ने अंश उल्लेख गरी सम्झौता भएको देखिन्छ । तर निर्माण कार्य सम्पन्न गर्दा घटी मूल्यांकन भएको अवस्थामा अनुपातिक कट्टी गरी भुक्तानी दिनुपर्नेमा सो गरेको नदेखिएको देहायअनुसारको रकम असूल हुनुपर्ने रु | २६,०२४ |

| गोभौनं./मिति | उपभोक्ता समिति र काम | सम्झौता रकम | कार्य सम्पन्न रकम | भुक्तानी रकम | उपभोक्ताले व्यहोर्ने % | घटी अनुपातिक कट्टी रकम |
|---|---|---|---|---|---|---|
| ८१।०७९।२।२६ | सडक निर्माण उ स | ९७४२७१।८५ | ९७१५००।४० | ८९३५७४।०० | १०.७० | २६०२४।०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७६ | | | **जलवायु परिवर्तन कार्यक्रम (LAPA) को आम्दानी खर्चः**<br><table><tr><th>सि न</th><th>योजनाको नाम</th><th>अनुदान रकम</th><th>पालिकाको अशं</th><th>कार्य सम्पन्न प्रतिवेदन अनुसार कूल काम</th></tr><tr><td>१</td><td>कल्याण तटबन्धन निर्माण शिवालय ५</td><td>३४२३४१८</td><td>४४३४९९</td><td>४६५३९११</td></tr><tr><td>२</td><td>नेपाखोला सिम्तडा वडिगडी सिचाई योजना</td><td>२७७७२४५</td><td>४५४८२०</td><td>३९१९८९५</td></tr><tr><td>३</td><td>तल्लो वडाखेत तटबन्धन</td><td>२१३७१४६</td><td>६२४०५७</td><td>३०९१७६१</td></tr><tr><td>४</td><td>टुनी वरिगडी वडाखेत र पानिखाना तटबन्धन</td><td>१९६०६८८</td><td>४६१८७३</td><td>२९०१२८४</td></tr></table>पालिकाले भुक्तानी दिनुपर्ने रकम यस वर्ष भुक्तानी नगरी भुक्तानी दिन बाँकी राखेको छ । | |
| ७७ | | | **प्राविधिक बिल र कार्य सम्पन्नः**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/ नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ । | |
| ७८ | | | **कन्टिन्जेन्सी खर्चको अभिलेख :**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ४ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने ब्यवस्था गरेको छ । कार्यालयबाट योजना कार्यान्वियन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट ३ प्रतिशत का दरले बिलबाट यस्तो रकम कट्टी गर्ने गरेको छ । कार्यालयले आ.व २०७८/७९ मा कन्टीन्जेन्सी बापत रु.२२ लाख ६९ हजार कट्टी गरेको छ । यसरी कट्टी गरेको रकमको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नु पर्नेमा राख्ने गरेको छैन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७९ | | | **सार्वजनिक परीक्षण -**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम पालिकाले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवाफदेहिता र पारर्दशिताको प्रर्वद्धन गर्ने कार्यमा बाधा पर्ने देखिन्छ । | |
| ८० | | | **डीपीआर खर्च –**<br>बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस पालिकाले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ । यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा गाऊँपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा पालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन । | |

| कार्य विवरण | परामर्शदाता | स्वीकृत रकम | खर्च रकम | अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत |
|---|---|---|---|---|
| ध्रुवगैरा वडा कार्यालय देखि कोशेटाकुरा रोड सर्भे | सुर्य ईन्जिनियरिङ कन्सल्टेन्सी कोहलपुर बाँके | २००००० | १८४५८६ | २५८७६८८२६ |
| सिमा लयकाँडा सडक सर्भे डिजाईन | मुनलाईट ईन्जिनियरिङ एण्ड रिसर्च कन्सल्टेन्सी | ४००००० | ३९०३५८ | ३५४७७००२५ |
| **जम्मा:** | | **६०००००** | **५७४९४४** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८१ | | | **अधुरा आयोजना –**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३६ अनुसार योजनाहरुको भौतिक र वित्तीय पक्षको सामुहिक समीक्षा गर्नुपर्ने र यसरी गरिने समीक्षामा प्रगति कम हुनुका प्रमुख कारणहरु र सोको निमित्त जिम्मेवार व्यक्तिको पहिचान गर्नुपर्ने, त्यस्तो समीक्षामा सुधारका लागि चाल्नु पर्ने कदमहरु र जिम्मेवार व्यक्ति उपर गर्नुपर्ने कारबाही समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ। यस पालिकाले यो वर्ष देहायअनुसार रु.९ करोड १३ लाख २ हजार का ६ वटा योजनाको कार्य सम्पन्न हुन नसकि जिम्मेवारी सारेको छ। यस प्रकारको दायित्व बिगत वर्षहरुको समेत सार्दै आएको छ। यसरी कानून अनुसार सम्झौता गरी बर्षौंसम्म पनि सम्पन्न नगरी अधुरो रहन गएको उपयुक्त देखिएन। | |
| ८२ | | | **सामाजिक सुरक्षातर्फः**<br>सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अधावद्यिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ। यस सम्बन्धमा निम्नअनुसार व्यहोराहरु देखिएका छनः | |
| ८२.१ | | | सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि २०७७ अनुसूची ८ को शर्त ६ अनुसार पालिका बाट प्राप्त रकम लाभग्राहीको खातामा बैंकले १५ दिनभित्र जम्मा गरी प्रत्येक खातामा जम्मा भएको रकम देखिने विवरण सहितको (Reverse Feed) विवरण पेश गर्नुपर्ने ब्यवस्था रहेकोमा गाँउपालिकामा उक्त शर्तअनुसार वैकवाट चौमासिक रुपमा जम्मा भएको विवरण प्राप्त भएको देखिएन।कार्यविधिको पालनामा ध्यान दिनुपर्दछ। | |
| ८२.२ | | | पालिकाले यस आवमा सामाजिक सुरक्षा भत्ता ३ वटै चौमासिकमा बैकिङ प्रणाली मार्फत लाभग्राहीको बैक खातामा वितरण गरेको देखियो। साथै पालिकाले मृत्यु भएमा, बसाई सरी गएमा, एकल वा विधवा महिलाले विवाह गरेमा, बालबालिकाको हकमा पाच उमेर पूरा भएमा, नवीकरण नगरेमा, एक आार्थिक वर्षको कुनै पनि किस्ता रकम नबुझेमा वा अयोग्य व्यक्तिले भत्ता प्राप्त गरेको प्रमाणित भएको अवस्थामा लाभग्राहीको नाम मूल अभिलेखबाट कट्टा गर्नुपर्दछ। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ८३ | | | अनुगमन तथा सम्परीक्षण<br>स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८४ मा बेरुजू फस्यौंट गर्ने व्यवस्था रहेको छ ।सोही ऐनको दफा ८४(२)(घ) मा बेरुजू फस्यौंट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको लेखापरीक्षणको क्रममा भई सम्परीक्षण भई गत बर्षसम्मको बाँकी बेरुजु निम्नानुसार रहेको छ । | |

| गत वर्षसम्मको बेरुजू (A) | यो वर्ष संपरीक्षण गरिएको बेरुजू (B) | गत बर्षसम्मको बाँकी बेरुजू (C=A-B) |
|---|---|---|
| **९३११६** | ० | ९३११६ |

**अद्यावधिक वेरुजु -** यस पालिकाको २०७८।७९ सम्मको फस्यौंट गर्न बाँकी बेरुजुको स्थिति देहायअनुसार रहेको छ

| गत वर्षसम्मको बाँकी बेरुजू (A) | यो वर्ष संपरीक्षण गरिएको बेरुजू(B) | यो वर्ष कायम बेरुजू(C) | संपरीक्षणबाट कायम बेरुजू(D) | अध्याविधक बाँकी बेरुजू (E=A-B+C+D) |
|---|---|---|---|---|
| **९३११६** | ० | ७२९२७ | ० | १६६०४३ |